का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक २७

❐ १४ फागुन २०७६, बुधबार

❐ 26 February 2020, Wednesday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# 'आफ्ना' जोगाएर श्वेतपत्र !

**गोकर्ण रिसोर्ट यतीलाई लिजमा दिने निर्णयमा पूर्व प्रधानमन्त्रीहरू सुशील कोइराला, शेरबहादुर देउवा र पुष्पकमल दाहाल प्रचण्ड मुछिए । तर, प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व प्रधानमन्त्री माधवकुमार नेपालको नाम भने छुटाइयो ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ फागुन

पूर्वराज परिवारबाट लिएको सम्पत्तिबारेको पछिल्लो विवरण ट्रष्टले सार्वजनिक गरेको छ । राष्ट्रका अनुसार २१ हजार ५ सय ६२ रोपनी ४ आना २ दाम र त्यसको लापुर्जा छ । ट्रष्ट सञ्चालक समितिका अध्यक्ष एवं उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले सम्पत्ति विवरण सार्वजनिक गर्दै भने,' ट्रष्टको सम्पत्ति पारदर्शी ढंगबाट प्रयोग भइरहेको छ ।' तथ्यांक अनुसार १२ वटा जिल्लामा ट्रष्टको सम्पत्ति छ । ट्रष्टको चल सम्पत्तितर्फ ७८ करोड ९ लाख ७७ हजार ७ सय ९३ नेपाली रुपैयाँ पुगेको बताइएको छ । उसका ६ वटा सम्पत्ति भाडामा छन् । त्यसमध्ये गोकर्णको जग्गा गोकर्ण फोरेष्ट रिसोर्ट प्रालि साविक एलएम सुभिर ब्रदर्सलाई दिइएको छ ।




कमलादीस्थित काठमाडौं प्लाजाको भवन कन्सेप्ट डेभलपर्स प्रालिले, लाजिम्पाटको जग्गा स्ट्याण्डर्ड चार्टर्ड बैङ नेपाल लिमिटेडले, टेकुको जग्गा बिजनेस पार्क टाउन डिभलपर्स प्रालिले, दरबारमार्गको जग्गा थामसेर्कु ट्रेकिङ प्रालिले भाडामा लिएका छन् । ताहाचलस्थित सोल्टी आउटर कम्प्लेक्स, कालिमाटीको जग्गा थामसेर्कु प्रालीले भाडामा लिएको छ । छोटो अवधिका लागि भाडामा दिइएको सम्पत्तिमा सार्वजनिक खरिद तथा अनुगमन कार्यालय, रेडक्रस मार्ग, गरिबी निवारण कोष, रेडक्रस मार्ग, वैदेशिक रोजगार विभाग, ताहाचल, निजामति आवासीय विद्यालय चुलीवन रहेका छन् ।

> **पूर्व गृहमन्त्रीहरू बामदेव गौतम, बिमलेन्द्र निधि र जनार्दन शर्मा पनि पनि मुछिए ।**

यसैबीच, नेपाल ट्रस्टका संरक्षक रहेका तत्कालीन प्रधानमन्त्री डा.बाबुराम भट्टराई तथा सञ्चालक समितिका अध्यक्ष विजयकुमार गच्छदारले मोहीका नाममा नामसारी गर्ने निर्णय गरेको ट्रस्टले खुलासा गरेको छ। २०६९ कात्तिक २ गते बसेको मन्त्रिपरिषद विधेयक समितिको बैठकको निर्णयानुसार नेपाल ट्रस्टको कार्यालयको स्वामित्वको १७२ रोपनी १५ आना जग्गा व्यक्तिका नाममा दर्ता भएको ट्रस्टको ठहर छ ।

ट्रष्टले जारी गरेको श्वेतपत्रमा गोकर्ण रिसोर्टको झण्डै ६ वर्ष अवधि बाँकी छँदा नै लिज अवधि थप गर्ने निर्णयको बचाउ मात्र गरिएको छैन, नेपाल ट्रष्टले निर्णय गर्दा ट्रष्टमा को संरक्षक (प्रधानमन्त्री) र को अध्यक्ष (गृहमन्त्री) थिए भन्ने समेत खुलाइएको छ। जसअनुसार तत्कालीन प्रधानमन्त्रीहरू सुशील कोइराला, शेरबहादुर देउवा र पुष्पकमल दाहाल प्रचण्ड तथा तत्कालीन गृहमन्त्रीहरु बामदेव गौतम, विमलेन्द्र निधि र जनार्दन शर्मा प्रभाकरको नाम उल्लेख गरिएको छ। तर रोचक के छ भने प्रधानमन्त्री बाँकी पृष्ठ २ मा

# भवितव्य प्रतिवेदन बनाउँदै प्रहरी

**केशर धामी**
काठमाडौं, १३ फागुन



घटना भएको दुई साता बढी भइसक्यो। हत्या कसले गऱ्यो भन्ने प्रहरीले पत्ता लगाइसक्यो । तर, किन हत्या गरियो भन्ने पत्ता लाग्न सकेको छैन् । माघ २७ गते पूर्व सचिव अर्जुन कार्कीकी श्रीमतीको हत्या भयो । उनको हत्या उनकै घरमा काम गर्ने विजय चौधरीले गरेको निर्ष्कषमा प्रहरी पुग्यो ।

बिहान ११ बजेर २० मिनेटमा कार्कीकी श्रीमती मुना घरको भान्छा कोठामा अचेत अवस्था भेटिइन् । उनको टाउकोमा चोट लागेको थियो । रगताम्मे उनलाई तुरुन्त सानेपास्थित स्टार अस्पताल पऱ्याइयो । तर, उपचार सुरु नहुँदै डाक्टरले मृत घोषणा गरे ।

कार्की निवासमै २२ वर्षका चौधरी पनि मृत भेटिए । घाँटीमा पासो लगाएको अवस्थामा उनी फेला परेका थिए । चौधरी सात वर्षदेखि त्यही घरमा काम गर्थे ।

प्रहरीले घटनास्थलमा पुग्दा उनी झुन्डिएको ठाउँबाट डोरी चुडिएर भुईमा लडेका थिए। घरमा राखिएको सीसीटिभी फुटेजको आधारमा चौधरीले नै कार्कीको हत्या गरेर आत्महत्या गरेको निष्कर्षमा प्रहरी पुग्यो । फुटेजले चौधरीलाई दोषी निर्क्योल गऱ्यो । तर, हत्याको कारणबारे भने कुनै संकेत भेटिएन् ।

प्रहरीले हत्याको कारण पत्ता लगाउन नसकेपछि घटनालाई भवितव्य घटना बनाउँदै छ । पोस्टमार्टम रिपोर्टले कार्कीको हत्या घाँटी थिचेर तथा टाउकोमा प्रहार गरेको देखियो। मृतका पति अर्जुन कार्कीले महानगरीय प्रहरी परिसर ललितपुरमा घटनाको अनुसन्धान र सत्य तथ्य जानकारीको माग गर्दै उजुरी दिए । उता विजयको परिवारले पनि घटनाको सत्यतथ्य छानविनको माग गर्दै प्रहरीमा उजुरी दिइसकेको छ । प्रहरीले विभिन्न कोणबाट अनुसन्धान गरिरहेको छ। तर, हत्यापछिको आत्महत्याको कारण भने अझै खुल्न सकेको छैन।

घटनाको कारण खुलाउन सक्ने माध्यम थियो मोबाइल । प्रहरीले कारण खुल्ने वा कुनै संकेत पाइने आशामा घटनास्थलबाट बरामद दुवै मृतकको मोबाइल फरेन्सिक ल्याबमा परिक्षण पनि गरायो। तर, फरेन्सिक ल्याबको रिपोर्टले पनि कुनै संकेत नदेखाएको महानगरीय प्रहरी परिसर ललितपुरकी एसपी दुर्गा सिंहले जानकारी दिइन् । कार्कीको घरमा काम गर्ने अन्य व्यक्तिसँग पनि प्रहरीले बयान लिइसकेको छ। उनीहरूबाट पनि कुनै तथ्य फेला नपरेको एसपी सिंहको भनाइ छ। 'सबै सित बयान लिइयो । तर कसैबाट कारण पत्ता लाग्न सकेको छैन्। अझै विभिन्न कोणबाट अनुसन्धान गरिरहेका छौं' एसपी सिंहले भनिन् ।

सबै घटना केलाएर हेर्दा प्रारम्भिक अनुसन्धानमा रिस र आवेगमा घटना भएको प्रारम्भिक अनुसन्धानमा देखिएको एसपी सिंहको भनाइ छ । तर, एकैचोटी रिस र आवेगमा बाँकी पृष्ठ २ मा

# चल्यो संसद, आएन जवाफ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ फागुन

प्रतिनिधिसभाको मंगलबारको बैठकमा प्रतिपक्षी दलहरुले प्रधानमन्त्री केपी शर्मा ओलीसँग जवाफ मागेका छन् । तत्कालिन सञ्चार मन्त्री गोकुल बाँस्कोटाको कमिसन सम्बन्धी अडियो प्रकरणमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस, प्रतिपक्षीहरु राष्ट्रिय जनता पार्टी (राजपा) नेपाल र समाजवादी पार्टीले प्रधानमन्त्रीको जवाफ मागेको हो। बाँस्कोटा प्रकरण सहित पछिल्लो समय चर्चामा आएका भ्रष्टाचार काण्डहरुका विषयमा प्रतिपक्षी दलले प्रधानमन्त्रीसँग जवाफ माग्दै सभामुखको रुलिङको पनि माग गरेका हुन् । उक्त विषयमा सभामुख अग्निप्रसाद सापकोटाले सरकारको ध्यानाकषर्ण गराएको छ । मंगलबारको प्रतिनिधिसभा बैठक सुरु हुना साथ प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका तर्फबाट नेता मिनेनन्द्र रिजालले बोलेका थिए ।

रिजालले सरकारमा रहेका व्यक्तिबाट भएका भ्रष्टाचारजन्य गतिविधिले प्रधानमन्त्रीको सर्वाङ्ग (सम्पूर्ण शीरर) नै गन्हाउने अवस्था सिर्जना भएको बताए । सेक्युरिटी प्रेस (सुरक्षण मुद्रण) स्थापनाको लागि ठेकेदार कम्पनीका प्रतिनिधिसँग निवर्तमान सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बाँस्कोटाले ७० करोड रुपैयाँ कमिसन (घुस) मागेको प्रसंग उठाउँदै रिजालले भने, '७० करोड घुस दिन्छु भन्नेले त्योभन्दा बढी घुस दिनेलाई चाहिँ यो ठेक्का दिने अवस्था अयो, मेरो ७० करोडभन्दा अझ अर्बौं रुपैयाँ घुस खान थाल्यो यो सरकारले भन्दै हिंड्न थालेका छन् । योभन्दा लाजमर्दो अवस्था अरु के हुन्छ ? प्रधानमन्त्रीज्यु भ्रष्टाचार गर्दिन्, गर्न पनि दिन्न भन्नुहुन्थ्यो । योभन्दा लाजमर्दो के हुन्छ ?' कांग्रेस सांसद रिजालले प्रधानमन्त्री ओलीले जन्म दिन मनाउँदा गरेको 'तामझाम'प्रति पनि व्यंग्य गरे ।

समाजवादी पार्टीकी सांसद सरिता गिरीले कमिसन सम्बन्धी कानून नै ल्याउन माग गरिन् । गिरीले भ्रष्टाचारको परिभाषा बदल्ने तयारीमा कम्युनिस्ट पार्टी पुगेको टिप्पणी गरिन् । 'नेकपाका जसले गरेपनि त्यो शोषित र सर्वहारकाको नाममा हुने,' उनले भनिन् 'तर अन्यले गरेमात्र भ्रष्टाचार हुने हो ।'

उनले तर नेकपाका मेयर देखिमन्त्री र प्रधानमन्त्रीसम्म भ्रष्टाचारमा लिप्त भएको आरोप लगाइन् । 'कमिसनवाद नेकपाको समाजवाद भएको हो? यदि हो भने राजनीतिक दस्तावेजमा एक च्याप्टर लेखोल,' उनले भनिन्, 'सामान्तवाद, दलाल पुँजीवाद समाप्त गरेको भन्दै आएको नेकपाले अब घुसलाई वैधानिकका दिन जरुरी छ।' गोकुल बाँस्कोटाले राजीनामा दिएपछि सम्पूर्ण प्रमाण नष्ट गर्ने प्रयास बाँकी पृष्ठ २ मा

# नजिकै आएर फर्किए ट्रम्प

**उपराष्ट्रपति स्पाइरो एग्न्यू (सन् १९७०) र विदेशमन्त्री कोलीन पावेल (सन् २००२) ले भ्रमण गरेका भए पनि नेपालमा अमेरिकी राष्ट्रपति स्तरको भ्रमण हुन सकेको छैन ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३

अमेरिकी राष्ट्पति डोनल्ड ट्रम्प भारत भ्रमण गरेर फर्केका छन् । यसअघिका कैयन् अमेरिकी राष्ट्रपतिहरूले पनि आफ्नो कार्यकालमा भारतको भ्रमण छुटाएका छैनन् । तर भारतको राजधानी दिल्लीदेखि एक घण्टाको दुरीमा रहेको नेपालमा अमेरिकी राष्ट्रपतिको अहिलेसम्म भ्रमण हुन सकेको छैन। नेपाल र अमेरिकाबीच कूटनीतिक सम्बन्धको स्थापना सन् १९४८ मा भएको हो । तर, अहिलेसम्म त्यहाँ राष्ट्रपतिको भ्रमण हुन नसक्नुको पछाडि अमेरिकाको प्राथमिकतामा नेपाल नपरेर हो वा नेपालले पर्याप्त पहल नगरेर हो ? कि भन्ने प्रश्न उठेको छ ।

बीबीसीका अनुसार, नेपाल जति रणनीतिक महत्वको भनिएपनि आर्थिक र कूटनीतिक दुवै हिसाबले अमेरिकाको प्राथमिकतामा नपरेको परराष्ट्र मामिलाका जानकारहरु बताउँछन् । अमेरिकाका लागि नेपालका पूर्वराजदूत शंकर शर्मा अमेरिकी राष्ट्रपतिको नेपाल भ्रमण हुन नसक्नुका तीनवटा कारण देख्छन् । शर्माका अनुसार पहिलो, 'नेपालको मुद्दा बलियो छैन। अरू ठूला देशमा जस्तो हाम्रो अमेरिकासँग व्यापार लगानीको सम्बन्ध पनि छैन । हामी केवल आर्थिक सहायता मात्रै लिने मुलुक हौं।' दोश्रो, 'भ्रमणको व्यवस्थापन। उनीहरूको व्यवस्थापन चिनियाँ राष्ट्रपतिका लागि भन्दापनि फरक र विशेषखालको छ ।' तेस्रो, 'उनीहरूका लागि नेपालको महत्व नै कम छ।'

पूर्व परराष्ट्रसचिव मधुरमण आचार्य पनि नेपालको महत्व कम आँकिएकाले नै अमेरिकी राष्ट्रपति नेपाल नआएको ठान्छन्। उनी भन्छन्, 'हाम्रो प्राथमिकतामा उनीहरू परेर मात्रै भएन, हामी उनीहरूको प्राथमिकतामा परेका छैनौं। छिमेकी चीनका राष्ट्रपतिलाई नेपाल ल्याउने विषय त त्यतिका समय लाग्यो। यो बाँकी पृष्ठ २ मा

# गाँठो फुके जापानमा १० हजारले रोजगारी पाउने

## तलब न्यूनतम डेढदेखि अढाइ लाखसम्म

**मध्यान्ह संवाददाता**
काठमाडौं, फागुन १३



वैदेशिक रोजगार विशेष

भरपर्दो र विश्वासिलो संयन्त्र तयार भएमा जापानमा प्रतिवर्ष कम्तीमा १० हजार नेपाली कामदारले रोजगारी पाउने जापानी रोजगारदाताहरूले बताएका छन् । नेपाल र जापानबीच गतवर्ष चैतमा नेपाली कामदार लैजाने विषयमा समझदारी भए पनि कार्यान्वयनमा आउन भने सकेको छैन ।

मंगलवार पब्लिक इन्ट्रेष्ट इन्कर्पोरेट इन्टरनेशनल ह्युमन रिसोर्स अर्गनाइजेशनले आयोजना गरेको एक अन्तरक्रिया कार्यक्रममा वर्किङ वियोण्ड द बोर्डरका नेपाल डाईरेक्टर सियुची साहोले जापानको नर्सिङ, कृषि र निर्माणलगायतका क्षेत्रमा नेपालीले रोजगारी पाउने अवस्था रहेको बताए । उनले नेपाली कामदार जापानी भाषा सिक्न जिज्ञासु, मेहनती र इमान्दार रहेकाले जापानी रोजगारदाताको रोजाइमा रहेको बताए । उनका अनुसार, दक्ष नेपाली कामदारले जापानमा मासिक १ लाख ८० हजारदेखि २ लाख ५० हजारसम्म कमाउने सम्भावना छ ।

जापानका पूर्वसांसद् समेत रहेका अर्गनाइजेशनका अध्यक्ष योशिहारु कोमियामाले नेपाली कामदारको समस्या भाषा भए पनि नेपालीहरूका लागि जापानी भाषाको एन फोर लागू गर्न जापान सरकारसमक्ष कुरा उठाउने बताए।

२ महिनायता नेपालमा बसेर नेता र मन्त्रीदेखि विभिन्न पक्षसंग छलफल गरेका उनले प्रत्यक्ष लगानी भित्राएर नेपाली कामदार हरूलाई तालिम बाँकी पृष्ठ २ मा

### रिपोर्टको ढिलाइबारे क्यूभीसीलाई ध्यानाकर्षण

काठमाडौं/मस- नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोशिएसनले कतार जाने नेपाली कामदारहरूको स्वास्थ्य परीक्षण रिपोर्टमा भएको ढिलाइप्रति नेपालस्थित कतार भिसा सेन्टरको ध्यानकर्षण गराएको छ। स्वास्थ परीक्षणको ७२ घण्टापछि मात्रै रिपोर्ट आउने गरेको भन्दै रुष्ट व्यवसायीले त्यसबारे ध्यानाकर्षण गराएका हुन्।

मंगलवार एसोशिएनका अध्यक्ष नरेन्द्रप्रसाद ढकालको नेतृत्वमा गएको व्यवसायीहरूको टोलीले कतार भिसा सेन्टरका प्रमुख कार्यकारी अधिकृत गौरव क्षेत्रीलगायतसँग भेटेर ढिलाइबारे बाँकी पृष्ठ २ मा

म्यानपावरलाई पार्टनर चाहियो

यूएई र बहराइनमा आफ्नै कन्सल्टेन्सी भएको नेपालमा चलिरहेको एक प्रतिष्ठित मेनपावर कम्पनीको लागि एक सक्षम पार्टनर चाहिएकोले ईच्छुक व्यक्तिहरुले तु-सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.: ९८१८५५४३४७



# सरकार विरुद्ध आन्दोलनको चेतावनी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ फागुन



नेपाली कांग्रेसका नेताहरुले सरकारविरुद्ध आन्दोलन हुने बताएका छन् । महेन्द्रनारायण निधि स्मृति प्रतिष्ठानले आयोजना गरेको महेन्द्रनारायण निधिको ९८ औं जन्मजयन्ति समारोहमा बोल्दै कांग्रेस नेताहरुले सरकारको कार्यशैली र भ्रष्ट प्रवृतिविरुद्ध शान्तिपूर्ण र अहिंसात्मक आन्दोलन हुने जनाएका हुन् । कांग्रेस सभापति शेरबहादुर देउवाले प्रजातन्त्रका लागि अन्तिम लडाइँ लड्नुपर्ने बेला भएको बताए । उनले भने, 'कुनै पनि हिंसाबाटमुक्त समाज निर्माण र प्रजातन्त्रका लागि कुनै पनि किसिमको सम्झौता गरिने छैन । पिसफुल वातावरण नभएपछि आन्दोलन लड्नै पर्छ । कांग्रेसले लड्ने आन्दोलन शान्तिपूर्ण र अहिंसात्मक हुनेछ ।'

सभापति देउवाले आफूले तत्कालीन माओवादीलाई आफूसँग ल्याए पनि साथीहरुले भगाइदिएको गुनासो पनि गरेका छन् । उनले भने, 'माओवादी र एमाले मिल्दा चुनाव हार्यौं । मैले माओवादीलाई आफूसँग ल्याएकै हुँ तर, साथीहरुले भगाइदिए । सत्य कुरो त्यो हो । बुझे पनि कुरो नबुझेको गर्ने ?' सभापति देउवाले पार्टीमा धेरै समस्या आएको पनि बताए । उनले भने, 'पार्टीको झगडा पहिलेबाटै आएको हो । झगडाका बारेमा गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइरालालाई थाहा होला । वीपी र गणेशमानलाई पनि पार्टीबाट निस्कासन गरेकै थियो । गणेशमानले पार्टीमा छैन भनेको हो भने भट्टराईले पार्टी छाडेकै हो ।'

उपसभापति विमलेन्द्र निधीले सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी कम्युनिस्ट स्टेट बनाउन उन्मुख भएको बताएका छन् । निधिले नेकपाको कम्युनिस्ट स्टेट बनाउने लक्षयविरुद्ध लड्नुपर्ने बताए । उनले भने, 'लड्नका लागि कम्युनिस्टले दुई लठ्ठी हाने हामी चार लठ्ठी हान्छौं भन्ने होइन, हामीले लडाई अहिंसाका माध्यमबाट गर्नुपर्छ । जनवादी केन्द्रियतालाई आफ्नो मार्ग निर्देशक सिद्धान्त मान्ने कम्युनिस्ट सत्तामा छ । जसले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई चुनौती दिइरहेको छ । सरकारले गरिरहेको भ्रष्टाचार, एकपछि अर्को गरी ल्याइरहेको विवादस्पद विधेयक, विवादस्पद निर्णयहरु सबै हेर्दा सरकार अधिनायवादतर्फ उनमुख छ ।'

यसैबीच, नेपाली कांग्रेसका अर्का नेता प्रकाशमान सिंहले कम्यनिस्टको दबदबामा आमजनता आजित भएको समयमा कांग्रेसले जनताको अपेक्षा अनुसार काम गर्न सक्यो कि सकेन भन्ने स्वमूल्यांकन गर्नुपर्ने बेला भएको बताएका छन् । उनले भने, 'कांग्रेसले जनताको अपेक्षा अनुसारको काम गर्यो कि गरेन भनेर मनन गर्नुपर्ने समय आएको छ । जनअपेक्षा अनुसार काम गर्न नसके कांग्रेस प्रजापरिषद बन्छ कि भन्ने चिन्ता लागिर हन्छ ।' संविधानका मूल मर्म र भवना विपरितका विधेयकको इन्डिकेसनले सरकारले जनवादी केन्द्रीयता लाद्न खोजेको नेता सिंहले बताए । उनले भने, 'मुलुक चुनौतीपूर्ण अवस्थामा गुज्रिरहेका बेला कांग्रेसले महेन्द्रनरायण निधिले अंगिकार गरेको अहिंसाको आन्दोलन सुरुवात गर्नुपर्ने समय आएको छ । उनले चाहे अनुसार अहिलेको परिस्थितिमा पार्टीलाई अघि बढाए महेन्द्रनारायण निधिप्रति सच्चा श्रद्धाञ्जली हुनेछ ।'

कांग्रेसका अर्का नेता कृष्णप्रसाद सिटौलाले आफैंभित्रका अनेक मतलाई जीवन्त राखेर नेपाली कांग्रेसले स्वस्थ प्रतिष्पर्धाका माध्यमबाट महाधिवेशनलाई सफल बनाउनुपर्ने बताए । उनले भने, 'संघर्षको मैदानमा कांग्रेसले सरकार विरुद्ध अहिंशा र शान्तिपूर्ण आन्दोलन गर्नुपर्छ । लाखौं जनतालाई शानित्का माध्यमबाट सडकमा ओराल्नुपर्ने समय आइसकेको छ । सरकार शान्ति र अहिंसाका माध्यमबाट कांग्रेसको नेतृत्वमा आएका परिवर्तनलाई मास्न खोजिरहेका छ ।' सरकारले शान्ति र अहिंसाका माध्यमबाट आएको संविधानलाई राष्ट्रलाई समृद्ध बनाउन, राष्ट्र निर्माणका लागि बल पुऱ्याउन नभएर नितान्त कम्युनिस्ट पार्टीको स्वार्थका लागि प्रयोग गरिरहेको उनले बताए । यसका विरुद्ध कांग्रेसले अब शान्तिपुर्ण र अहिंसात्मक आन्दोलन गर्न जरुरी भइसकेको उनले बताए ।

## 'आफ्ना'...

केपी शर्मा ओली र रक्षामन्त्री ईश्वर पोखरेलको नाम श्वेतपत्रमा छैन । यस्तै, तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालको नाम पनि छैन ।

श्वेतपत्रमा यती समूहको थामसेर्कु ट्रेकिङले लिजमा लिएको ताहाचाल र दरबारमार्गको जग्गाबारे पनि उल्लेख छ । श्वेतपत्र अनुसार तत्कालीन नेपाल ट्रष्टका संरक्षक स्व. प्रधानमन्त्री सुशील कोइराला र ट्रस्टका अध्यक्ष उपप्रधान तथा गृहमन्त्री बामदेव गौतम रहेको नेपाल ट्रष्ट सञ्चालक समितिको २८ साउन २०७१ को बोर्ड बैठकले कमलादी, हेटौंडा, ताहाचाल सोल्टी आउटर कम्प्लेक्स र दरबारमार्गको जग्गा भाडामा दिने गरी वार्षिक कार्यक्रम र बजेट स्वीकृत गरेको थियो । दरबारमार्गको जग्गा थामसेर्कुले लिजमा पायो । थामसेर्कुको प्रस्ताव स्वीकृत गर्दा ट्रष्टको संरक्षक प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र गृहमन्त्री विमलेन्द्र निधि रहेको श्वेतपत्रमा उल्लेख छ । यसैगरी ताहाचाल सोल्टी आउटर कम्प्लेक्सको जग्गा थामुसेर्कुलाई लिजमा दिने प्रस्ताव स्वीकृत गर्दा तात्कालिन प्रधानमन्त्री शेरबहादुर देउवा ट्रष्टको संरक्षक र गृहमन्त्री जनादर्न शर्मा अध्यक्ष थिए ।

## नजिकै ...

पनि हुनसक्छ तर समय लाग्छ ।' अमेरिकी राष्ट्रपति ल्याउने चाहना भए त्यसको पहल गर्नु अगाडि भ्रमणमा आउने राष्ट्रपतिको चासोको विषयलाई रणनीतिक रूपमा अध्ययन गर्नुपर्ने पूर्व राजदूत शर्माले बताए । नेपालमा यसअघि अमेरिकाका उपराष्ट्रपति स्पाइरो एग्न्यू (सन् १९७०) र विदेशमन्त्री कोलीन पावेल (सन् २००२)ले भ्रमण गरेका भए पनि राष्ट्रपति स्तरको भ्रमण हुन सकेको छैन ।

सन् १९९५ मा प्रथम महिला हिलरी क्लिन्टनले आफ्नी छोरीसहित नेपालको भ्रमण गरेकी थिइन् । यसअघि आफू अमेरिकाका लागि राजदूत भएका बेला तत्कालीन राष्ट्रपति बराक ओबामालाई ल्याउनका लागि पहल गर्ने प्रयत्न गरेको पूर्व राजदूत शंकर शर्माले बताए । उनले भने,'त्यतिबेला मैले पहल गरेको थिएँ तर हाम्रो त्यो तहको क्षमता नपुगेकोले फलिभूत हुन सकेन ।'

पूर्व परराष्ट्रमन्त्री रमेशनाथ पाण्डे नेपालको भूराजनीतिक सम्वेदनशीलता पछिल्ला दिनमा अत्यन्तै बढेर गएको बताउँछन् । उनी भन्छन्, 'नेपाल केही वर्षदेखि भारत, चीन र अमेरिकाको सामरिक रेडारभित्र परिसकेको छ र त्यो ताप नेपालको राजनीतिले भोग्न थालिसकेको छ । त्यो सन्दर्भमा मोदी र ट्रम्पको वार्तामा नेपालको ध्यान केन्द्रित हुन्छ ।' एउटा छिमेकी देश पहिला नै महाशक्ति राष्ट्रको प्रतिस्पर्धी भइसकेको र अर्को हुने क्रममा रहेका बेला नेपाललाई हेर्ने अमेरिकी दृष्टिकोण फरक हुने उनले बताए । यस्तो बेला अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्प र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीचको वार्ताले नेपालका लागि के अर्थ राख्छ ? भन्ने प्रश्नको जबाफमा पूर्व परराष्ट्रमन्त्री पाण्डेले भने, 'दक्षिण एसियामा अमेरिका र भारतको बीचमा कस्तो सामरिक सोच बन्छ, त्यसमा भारतको केन्द्र स्थान कस्तो रहन्छ, भारतको क्षेत्रीय हैसियत वृद्धिमा अमेरिकाले कुन भूमिका खेल्न खोज्छ - यिनै सन्दर्भमा यो प्रश्नको जबाफ खोज्नुपर्छ ।'

## भवितव्य...

आउने गरी दुईबीच के भएको थियो त्यस्तो ? उनीहरुबीच पहिलेदेखि कुनै विषयमा झगडा भइरहेको थियो ? या कार्कीले कामको शिलशिलामा गाली गरेकी थिइन् ? जस्ता प्रश्नको कारण खुल्न सकेको छैन् । यस्ता प्रश्नहरुबारे थप अनुसन्धान भइरहेको एसपी सिंहले जानकारी दिइन् ।

महानगरीय प्रहरी परिसर ललितपुरका प्रमुख, एसएसपी टेकप्रसाद राईका अनुसार घटनाको अनुसन्धान लगभग पुरा भएको छ । 'अनुसन्धानका सबै काम सकिएको छ । अहिलेसम्मको अनुसन्धानबाट कुनै कारण भने खुल्न सकेन् ।' एसएसपी राईले भने ।

## चल्यो ...

भएकोले उनीमाथि छानबन हुनुपर्ने माग उनले गरे । 'अख्तियारले गोकुल बाँस्कोटाको घरमा किन छापा मार्दैन?' उनले प्रश्न गर्दै भनिन्, 'अन्यको हकमा अनुसन्धान गर्ने अख्तियारले उनलाई पनि अनुसन्धान गर्नुपर्दछ ।' नेपाल टेलिकमकी प्रमुख कामिनीराज भण्डारीलाई नेकपा सरकारले हटाउनुको कारण अहिले रहस्य खुलेको भन्दै उनले नेकपाले यतिदेखि हुवावेसम्मलाई बोकेर भ्रष्टाचार गरिरहेको आरोप लगाइन् । यसरी भइरहेको भ्रष्टाचारमा प्रधानमन्त्रीको जिम्मा लिर्दै सदनमा जवाफ दिनुपर्ने माग उनले गरिन् । '११ अर्बमा आउने सेक्युरिटी प्रेस ३८ अर्व कसरी पुऱ्याइयो?' उनको प्रश्न थियो । 'यही प्रेस खरिद फ्रेन्चलाई किन दिन पऱ्यो भने त्यहाँ यति होल्डिङ्गसको एजेन्ट थियो,' उनले भनेकी थिइन् ।

राजपा सांसद प्रमोद साहले पनि बाँस्कोटा प्रकरणमा प्रधानमन्त्रीको जवाफ माग गरे । एक व्यक्तिका लागि संविधान संशोधन गर्न पहल भएकोमा विरोध जनाए ।

## गाँठो ...

प्रदान गर्ने विषयमा भने झन्झट महसुस भएको बताए ।

अन्तरक्रिया कार्यक्रमलाई इन्टरनेसनल ह्युमन रिसोर्स नेटवर्क अर्गनाइजेसनका कमल बास्तोलाले सहजीकरण गरेका थिए ।

जापानले गत वर्ष विदेशी कामदार लैजाने घोषणा गर्दै पहिलो ५ वर्षमा ३ लाख ४५ हजार १ सय ५० कामदार लैजाने योजना सार्वजनिक गरेको थियो । त्यसमध्ये नेपालको भागमा प्रतिवर्ष झन्डै ४० हजार कामदार पर्ने अनुमान छ । जापानले पहिलो पाँच वर्षमा विदेशबाट ६० हजार नर्स लैजाने बताएको छ ।

वृद्धवृद्धाहरूको संख्या बढेको र अस्पतालहरूमा नर्सको अभाव भएपछि सन् २०१७ पछि विदेशी कामदार लैजाने योजना बनाएको थियो । तर नेपालमा कामदार पठाउने प्रक्रियामा निजी क्षेत्रका वैदेशिक रोजगार व्यवसायीहरूलाई सहभागी नगराएपछि सरकारी निकायहरूले कामदार पठाउने विषयमा कुनै प्रगति गर्न सकिरहेका छैनन् । जापानमा कामदार पठाउने प्रक्रियाको गतिरोध अन्त्य गर्न श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादव छिट्टै जापान भ्रमणमा जाने तयारीमा छन् । उनले आवश्यक भएमा नेपालका निजी क्षेत्रलाई कामदार पठाउने प्रक्रियामा सहभागी गराउन सकिने संकेत गरेका छन् ।

जापानले नेपालसहित भियतनाम, चीन, फिलिपिन्स, इण्डोनेसिया, थाइल्याण्ड, म्यानमार, कम्बोडिया र मंगोलियाबाट कामदार लिने लैजाने इच्छा देखाएको छ ।

हाल चीन र भियतनामबाट जापानमा ठूलो संख्यामा कामदार जाने गरेका छन् । तर भियतनामले आन्तरिक रोजगारी बढाउन थालेपछि जापानले दक्षिण एसियातर्फ नजर लगाएको छ । जानकारहरूका अनुसार, दक्षिण एसियामा पनि नेपाली कामदारप्रति जापानको बढी भरोसा छ ।

## रिपोर्टको...

ध्यानाकर्षण गराएको हो ।

व्यवसायीहरूले स्वास्थ्य परीक्षणका लागि तीन दिन लामो समय लाग्दा शून्य लागतमा वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको लागत बढ्को भन्दै सकेसम्म २४ घण्टाभित्र रिपोर्ट दिन सेन्टरका कार्यकारी अधिकृत क्षेत्रीको ध्यानकर्षण गराएको एशोसिएनका अध्यक्ष ढकालले बताए ।

रोजगारीका लागि कतार जान चाहने कामदारमध्ये कम्तीमा हरेक दश कामदारमध्ये १ को छातीमा दाग देखिने गरेको छ । कलिलो उमेरमा निमोनिया हुने अधिकांश कामदारको छातीमा दाग देखिने गरेको छ । नेपालमा त्यस्तो दाग देखिएको व्यक्तिलाई निरोगी मानिने गरिए पनि कतारले त्यस्ता कामदारलाई स्वास्थ्यका दृष्टिले अयोग्य मान्दै आएको छ । शुरुमा त्यस्तो दाग देखिएमा नियमित औषधि उपचार गरेपछि त्यो दाग हराउने गरेको छ ।

राम्रोसँग स्क्रिनिङ गरी कामदारको स्वास्थ्य विवरण कतार पठाउने र कतारबाट नै रिपोर्टकार्ड जारी हुने भएपछि विगतमा जस्तो मेडिकल फेल वा अन्य कारणले कतार पुगेर फर्किनुपर्ने अवस्थाको अन्त्य भए पनि रिपोर्ट ढिलो आँउदा कामदार समस्यामा पर्ने गरेको विषयमा व्यवसायीहरूबाट गुनासो बढेको ढकालले बताए ।

वैदेशिक रोजगारीका लागि कतार जाने कामदार राजधानी नआउँदै उनीहरूको नाम भिसा सेन्टरमा दर्ता हुने तर दर्ता भएको व्यक्ति तोकिएको समयमा नआउने गरेका कारणले पनि समस्या सिर्जना गरेको निष्कर्ष निकालिएको भन्दै ढकालले कामदार राजधानी नआउँदै भिसा सेन्टरमा नाम नलेखाउन समेत व्यवसायीहरूलाई आग्रह गरिएको बताए ।

सेन्टरले छिटै रोजगारीका लागि कतार कामदार पठाउने व्यवसायीहरूसंग अन्तरक्रिया गर्ने जानकारी समेत दिएको छ । नेपालमा गत जेठ १५ गते देखि राजधानीको चक्रपथमा स्थापना गरिएको सेन्टरले रोजगारीका लागि कतार जाने नेपाली कामदारको स्वास्थ्य परिक्षण गरी कामदारको औंठा छाप लिई भिसा सेवा प्रदान गर्दै आएको छ । सोही सेन्टरमा कामदारले कतारस्थित रोजगारदातासंग सक्कली करारपत्रमा हस्ताक्षर गर्ने गरिरहेका छन् । जसका कारण नेपाली कामदार कतारले पुग्नासाथ आफ्नो परिचयपत्र पाई रहेका छन् ।

छलफलका लागि एसोसिएसनका सल्लाहकार तथा पूर्वअध्यक्ष प्रज्ञान न्यौपाने, वरिष्ठ उपाध्यक्ष तारानाथ अर्याल, सचिव कमल काफ्ले र कोषाध्यक्ष कृष्ण जैसी भिसा सेन्टर पुगेका थिए ।

# जुनियर युवा रेडक्रसको ४०औं राष्ट्रिय गोष्ठी सम्पन्न



**गोरखा/मस-** 'नेतृत्वदाही भूमिकामा जुनियर र युवा हाम्रो प्रतिबद्धता' भन्ने नारा सहित गोरखाको सदरमुकाममा आयोजित दुई दिने ४० औं राष्ट्रिय जुनियर तथा युवा रेडक्रस गोष्ठी सोमबार समापन भएको छ । औपचारिक कार्यक्रम पश्चात मंगलबार देशका विभिन्न स्थानबाट आएका यूवाहरुले आन्तरिक पर्यटनलाई समेत अभिवृद्धि गर्ने अभिप्रायले लखन थापा पार्क लगायत गोरखाका विभिन्न ऐतिहासिक स्थानमा भ्रमण गरेका छन् । नेरेसो गोरखा जिल्ला शाखा र स्थानीय महेन्द्र ज्योति माबिको आतिथ्यमा दुई दिनसम्म सञ्चालित सो गोष्ठीमा ५९ जिल्लाका १९५ युवाको सहभागिता रहेको थियो ।

जुनियर तथा युवा रेडक्रसको संगठनात्मक विकासलाई थप प्रभावकारी बनाउन समयमै सर्कल गठन तथा पुनर्गठन गरी वर्षैभरी विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने र ती गतिविधिहरु सञ्चालन गर्ने क्रममा स्थानीय स्तरमै स्रोत संकलन तथा परिचालनमा विशेष जोड दिनेलगायतका महत्वपूर्ण प्रतिवद्धता र सहमतिहरु सहित १३ बुँदे गोरखा घोषणपत्र जारी गरिएको छ । सो घोषणापत्रमा रेडक्रसको अन्तर्राष्ट्रिय महासंघबाट प्रवर्धित 'केन्द्रमा युवा नीति' तथा नेपाल रेडक्रस सोसाइटीको 'युवा संलग्न नीति' लाई जोड दिँदै विश्वव्यापीरुपमा रहेका बिभिन्न प्राकृतिक, सामाजिक र मानवीय मुद्दाका गतिविधिहरु नेपालमा सञ्चालन गर्ने गराउने उल्लेख छ ।

देशभरीका जुनियर तथा युवा सर्कललाई विभिन्न प्राकृतिक र मानवीय मुद्दाहरुमा बहस पैरवी र क्षमता अभिवृद्धि गरी सवलीकरण अभियान सञ्चालन गर्न यूवाहरुले प्रतिवद्धता जाहेर गरेका नेरेसो सञ्चार निर्देशक दिव्यराज पौडेलले बताए । सडक सुरक्षा र प्राथमिक उपचार, विपद् व्यवस्थापन र कृतिम घटना अभ्यास, नोवेल कोरोना भाइरस र सोको प्रभावबाट बच्ने उपायहरू, साइबर बुलिङ, रक्तदानमा युवाहरूको भूमिका जस्ता विषयमा भएको छलफल उत्कृष्ट रहेको र ती क्षेत्रमा युवाहरुको सचेतना अभियान बढाउन यूवाहरुले महत्वपूर्ण भूमिका खेल्ने जुनियर विभाग निर्देशक सुदर्शन अधिकारीले अपेक्षा गरे ।

नेरेसो गोरखा जिल्ला शाखा र स्थानीय महेन्द्र ज्योति मा.वि.को आतिथ्यमा दुई दिनसम्म सञ्चालित सो गोष्ठीमा ५९ जिल्ला शाखाका १९५ प्रतिनिधिहरु, नेरेसो केन्द्रीय पदाधिकारीहरु, प्रदेश र आतिथ्य जिल्लाको कार्यसमितिका पदाधिकारीको सहभागिता रहेको थियो ।

पहिलो सत्रमा रेडक्रसको अन्तर्राष्ट्रिय महासंघ क्षेत्रिय महासचिव जगन चापागाईले अनलाइनबाट प्रत्यक्ष रूपमा सहभागीहरुलाई उत्प्रेरणामुलक प्रशिक्षण दिएका थिए । जुनियर तथा युवा रेडक्रसबाट आफ्नो यात्रा शुरु गरी उच्च तहमा पुगेका चापागाईसँगको अन्तरक्रियाले सहभागीहरु उत्साहित भएका थिए ।

गोष्ठीमा विभिन्न विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रशिक्षकहरुद्वारा सहभागीहरुलाई प्रशिक्षण पनि दिइएको थियो र सहभागी यूवाहरुले विभिन्न समूहमा सीपहरु अभ्यास गरेका थिए ।

आइतबार उद्घाटन समारोहमा नेपाल रेडक्रस सोसाइटीका उपमहामन्त्री हरि प्रसाद न्यौपाने, गोरखा नगरपालिका प्रमुख राजनराज पन्त, केन्द्रीय जुनियर युवा रेडक्रस समिति सभापति सपूत बाहादुर कार्की, प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, गोरखा नगरपालिका उपप्रमुख बिना श्रेष्ठ, नेरेसो केन्द्रीय सदस्यहरु शशी पन्थी, सुरेन्द्र ऐर, हेमराज ओझा, सुर्यचन्द्र न्यौपाने, नेरेसो कार्यकारी निर्देशक उमेश ढकाल, आईएफआरसी नेपाल स्थित कार्यवाहक प्रमुख हेरवे गाजाउ, आईसीआरसीका प्रतिनिधि कृष्णचन्द्र चालिसे, नेरेसो गण्डकी प्रदेश अध्यक्ष सुर्य प्रसाद ढकाल ,बागमती प्रदेश महासचिव रामजी पौडेल, नेरेसो गोरखा जिल्ला सभापति भगवानबाबू मास्के, नेरेसो तनहुँ सभापति कृष्णहरि वाग्ले, केन्द्रीय रक्तसन्चार केन्द्र निर्देशक डा. मनिता राज कर्णिकार लगायत सहभागी भएका थिए ।


**माइग्रेसन हरायो**

मिति २०७६/१०/२५ गते कलकीबाट गौशलासम्म जाँदा मेरो माइग्रेसन सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु ।

**नाम : रुपा थापा मगर**
**ठेगाना : भानु न.पा. -१०, तँनहु**
**सिम्बोल नं. : २३८०००३२**
**रजिष्टेशन नं. : ७४३८०१०८६**
**फोन : ९८०३२३४१७४**

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७६/११/१४

यस कम्पनीको मिति २०७६/११/०१ मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **बशिधर डेरी प्रा.लि. (प्रा.लि.नं. ४०५२६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/११/०७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एकता डरी एण्ड फुड्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**सूचना**

नेपाल सरकारवाट प्राप्त वैदेशिक रोजगार व्यवसाय संचालन गर्ने इजाजतपत्र प्राप्त श्री इनास ओभरसिज ईम्प्लोईमेन्ट प्रा.लि. (इ.प.नं. १०८५/०७३/०७४) ले यस विभाग समक्ष इजाजतपत्र खारेजी गरी धरौटी रकम फिर्ता र बैंक ग्यारेण्टी फुकुवा गरी पाउँ भनि यस विभाग समक्ष निवेदन पेश गरेकोले सो सम्वन्धमा कोही कसैको हक स्वामित्व तथा लेनादेनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएकाले मितिले ३५ (पैंतिस) दिन भित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनुहुन सम्वन्धित सवैको जानकारीको लागियस विभागको मिति २०७६/११/०७ को निर्णयअनुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम इजाजतपत्र खारेज गरी धरौटी रकम फिर्ता र बैंक ग्यारेण्टी फुकुवा भई जाने व्यहोरा समेत यसै सूचनावाट जानकारि गराइन्छ ।

**BANPHIKOT RURAL MUNICIPALITY**
**Office of the Rural Municipal Executive**
**Rukum West, Banphikot**

visit Nepal 2020 Lifetime Experiences

**Invitation for the following scheme**

**Re-Bid Publication Date: 2076/11/14**

| S.No./Works | IFB No. | Cost of Bid Documents (Bank Deposit) | Bid Security/Bid Bond (Bank Deopsit/ Bank Guarantee) | Last date of Submission | Last date of Bid Opening |
|---|---|---|---|---|---|
| Construction of ward-03 Office Building Banphikot Rukum West | BRM/NCB/WORKS BUILDING-03/ 076/077 | Rs.3,000 | Not less than Rs.300000 | 2076/11/29 12:00 Noon | 2076/11/29 2:00 PM, |

**Bank A/C No. Laxmi Bank Ltd., Banphikot rukum west Branch A/C No.09411000023 (Rajswa), & (Dharouti)**

**Note : For Further details and Downloading of Tender Documents, Please visit www.bolpatra.gov.np/egp**

**साइप्रसमा रोजगार** | कम्पनी : **RED PANDA EMPLOYMENT PRIVATE EMPLOYMENT AGENCY** शहर: **DOHA**

पूर्व स्वीकृत मिति: २०७६/११/१३ चलानी नं.: ६०१५२४०१ LT. No.: 233466

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 1 | 19 | स. काममा दक्ष | 314 | ३९,०८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २१ गते (4 Mar. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ३५,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**हेल्प ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ४६४/०६०/०६१, रेडक्रस मार्ग, कालिमाटी, काठमाडौं, नेपाल
फोन: ४३०११५८, ४३०१०८०, ४३०११५०

**साउदी अरबमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : **GULF MOONS CONTRACTING EST** शहर : **KSA**

पूर्व स्वीकृत मिति: २०७६/१०/२६ चलानी नं.: ६०१५१४४७ L.T. No.: 232799 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 20 | 0 | स. काममा दक्ष | 1000 | ३०,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २१ गते (4 Mar. 2020) मा हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**सिद्धार्थ बुद्ध ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. १६३/०७१/०५८
पो. ब.न. १४१५०, महाराजगञ्ज (चक्रपथ चौकी अगाडी), काठमाडौं, नेपाल
फोन: ४७२०६४१/४७२००५४, मो.: ९८६०१०७४३५, ९८५११०२३८, ९८१३५९५४४६

# ‘महिला आयोगको पदाधिकारी नियुक्तिमा किन ढिलाई ?’

**काठमाडौं/मस–** सांसदहरुले महिला आयोगको पदाधिकारी नियुक्तिमा ढिलाई हुँदा महिलाको क्षेत्रमा गर्नुपर्ने कार्यक्रमहरु प्रभावित भएको गुनासो गरेका छन् । संघीय संसद प्रतिनिधिसभा अन्तर्गतको महिला तथा सामाजिक समितिको मंगलबार बसेको बैठकमा सांसदहरुले महिला आयोगको पदाधिकारी नियुक्तिमा ढिलाई हुँदा महिलाका क्षेत्रमा गर्नुपर्ने कार्यक्रमहरु अगाडि बढ्न नसकेको गुनासो गरेका हुन् ।



सांसद लक्ष्मी परियारले महिला आयोगमा पदाधिकारी नरहेको र जिल्ला विकास समितिमा रहेको महिला विकास कमिटी समेत हटाउँदा महिलाका अधिकारहरुका क्षेत्रमा काम गर्न कठिनाई भइरहेको बताइन् । उनले आयोगमा पदाधिकारी नभएको कारण महिलामाथि हुने हिंसाको क्षेत्रमा कुनैपनि काम हुन नसकेको बताइन् । उनले समितिले धेरैपटक पदाधिकारी गठनका लागि निर्देशन दिदा समेत काम नभएको बताइन् ।

सांसद विमला नेपालीले समितिबाट पनि पटक पटक सरकारलाई निर्देशन दिएको र संसदमा पनि कुरा उठाउँदा समेत पदाधिकारी नियुक्तिमा ढिलाई भएको बताइन् । उनले महिलाको अधिकार प्राप्त गर्‍यौं मात्र भनेर नहुने र महिलालाई कुनैपनि क्षेत्रमा अवसर दिएमात्र अगाडि बढ्न सक्ने बताइन् ।

सांसद नारायण प्रसाद खतिवडाले एकात्मक राज्य प्रणालीबाट संघीयतामा जाँदा ७५ जिल्लामा भएका महिला आयोगहरु हटेको र ७ सय ५३ स्थानीय तहमा गठन गरियोस् भन्ने प्रस्ताव उचित भएपनि राज्यले धान्न सक्छ या सक्दैन भन्ने विषयमा छलफल हुनुपर्ने बताए ।

सांसद खेमप्रसाद लोहनीले महिलाको क्षेत्रमा लागू गरिएका कार्यक्रमहरुको नतिजा देखिनेगरी कानूनहरु निर्माण गर्नुपर्नेमा जोड दिए । उनले संविधानले दिएका हकहरु कार्यान्वयन गर्न ढिलो भइसकेको र राज्यका निर्वाचित निकायमा महिलाको उपस्थिति जस्तै अन्य निकायमा पनि सहभागिताको सुनिश्चितता बढाउन कानून निर्माण गर्दा नै ध्यान दिनुपर्ने बताए ।

समिति सभापति निरुदेवी पालले समितिले सरकारलाई महिला आयोगको नेतृत्व दिन सरकारलाई यसअघिनै निर्देशन दिइसकेको बताइन् । उनले के कारणले रोकिएको छ त्यसमा आफुले पनि निरन्तर कुरा उठाइराखेको बताइन् । उनले २१ औं शताब्दिमा पनि महिलाहरु विभेदमा परिरहेको बताइन् । उनले महिलाहरु जतिसुकै समानताका नारा लगाएपनि घरमा पुगेपछि फेरी उही अवस्था रहने भएकाले अव समितिले त्यस क्षेत्रमा समेत छलफल चलाउनुपर्ने बताइन् ।

समितिको बैठकमा विश्वव्यापी रुपमा महिला सशक्तिकरण एवं महिला अधिकार प्रवर्द्धन गर्ने अन्तर ाष्ट्रिय महासन्धि (सिडा) कार्यान्वयन सम्बन्धमा नेपालले हालसम्म गरेको प्रगति कार्यान्वयनमा देखिएका समस्या र चुनौती एवं अनुगमन मूल्यांकनको संरचनागत ढाँचा लागयतका विषयमा समेत युएन वुमन नेपाल र राष्ट्रिय महिला आयोगसँग समेत छलफल भएको थियो ।

## क्वारेन्टाइनका नेपाली भन्छन्– हामी खुशी छौं

**काठमाडौं/मस–** सांसद महेश बस्नेतको टोलीले भक्तपुरको खरिपाटीस्थित क्वारेनटाइन क्षेत्रको अनुगमन गरी चीनबाट फर्काइएका नेपालीसँग यहाँका अवस्थाबारे जानकारी लिएका छन् । सरकारले चीनबाट उद्धार गरी भक्तपुरको खरिपाटीस्थित क्वारेन्टाइनमा राखिएका नेपालीको बारेमा जानकारी लिन मंगलबार त्यहाँ पुगेका सांसद बस्नेतले क्वारेन्टाइनभित्र रहेका नेपालीसँग त्यहाँको अवस्थाबारे जानकारी लिएका हुन् ।



उनले क्वारेन्टाइन बाहिर संयुक्त सुरक्षाको कमाण्डमा रहेको कन्ट्रोल कक्षबाट माइकमार्फत भित्र रहेका नेपालीसँग सिसी क्यामराको माध्यमबाट भिडियो हेर्दै कुराकानी गरेका हुन् ।

सांसद बस्नेतसँगको कुराकानीमा क्वारेन्टाइनमा रहेका नेपालीहरुले सरकारले गरेको व्यवस्था सन्तोषजनक रहेको बताए । उनीहरुले भने, ‘हामी यहाँ सुरक्षित छौं, हामीलाई आवश्यक परेको कुनै पनि सामान तुरुन्तै पाउने गरेका छौं, यहाँ भएकाका परिवारले कुनै चिन्ता लिनुपर्दैन, हामी खुशी छौं ।’

सांसद बस्नेतसँग उनीहरुले यहाँबाट निस्किएर परिवारसँग भेट्ने दिनमा सरकारी निकायका व्यक्ति, जनप्रतिनिधिनै आएर बिदाइ गरी देशभर सकारात्मक सन्देश फैलाउने व्यवस्था गरिदिन पनि आग्रह गरे । क्वारेन्टाइनमा रहेका चीनबाट फर्किएका नेपालीले सरकारले गरेको व्यवस्थाप्रति खुशी भएको र यहाँको अवस्थामा कुनै पनि चिन्ता लिनुपर्ने र आत्तिनुपर्ने अवस्था नरहेको पूर्वमन्त्री एवं सांसद बस्नेतले बताए ।

उनलाई नेपाली सेना वीरदल गणका गणपति कर्नेल शिव पौडेलले यहाँको अवस्थाबारेमा जानकारी गराएका थिए । भक्तपुरका प्रमुख जिल्ला अधिकारी होमकला पाण्डेले भित्र रहेका नेपालीबाट कुनै पनि कुराको माग हुने बित्तिकै यहाँको सुरक्षाको नेतृत्व गर्नुभएका कर्णेल पौडेलले आफ्नै व्यक्तिगत खर्चसमेत गरेर भए पनि मागअनुसारको सामान पठाइदिने गरेको जानकारी गराए ।

## रवीन्द्रको योगदानलाई स्मरण गरिने

**पोखरा/मस–** यही फागुन १५ तत्कालीन पर्यटनमन्त्री रवीन्द्र अधिकारीको देहावसान भएको एक वर्ष पुग्दैछ । यस सन्दर्भमा रवीन्द्र अधिकारी स्मृति प्रतिष्ठानले उनको योगदानलाई स्मरण गर्दै विविध कार्यक्रमका साथ वार्षिक स्मृति दिवस मनाउने भएको छ ।

प्रतिष्ठानले मंगलबार पोखरामा पत्रकार सम्मेलन गरेर सो विषयका बारेमा जानकारी गराएको हो । स्मृति दिवसका अवसरमा फागुन १० गते कलाकारद्वारा क्यानभासमा रवीन्द्र अधिकारी कार्यक्रम सम्पन्न गरिसकेको प्रतिष्ठानका महासचिव धनराज आचार्यले जानकारी दिए ।

यसैगरी देशभरका स्नातक र स्नातकोत्तर तहका विद्यार्थी सहभागी हुने गरी ‘नेपाली राजनीति, युवा र रवीन्द्र अधिकारी’ शीर्षकमा निबन्ध प्रतियोगिता कार्यक्रमसमेत सम्पन्न भएको र विजेताको नामसहित पुरस्कार सोही दिन प्रदान गर्ने आचार्यले बताए । सो अवसरमा पोखराको शहीद तथा विभूति पार्कमा रवीन्द्र अधिकारीको पूर्णकदको सालिकको अनावरण गर्ने कार्यक्रमसमेत तय भएको छ ।

कार्यक्रममा प्रधानमन्त्रीलगायतका विशिष्ट व्यक्तित्वले अधिकारीका बारेमा सम्बोधन गर्ने कार्यक्रम रहेको पत्रकार सम्मेलनमा जानकारी गराइयो । फागुन १६ गते ‘समाजमा रुपान्तरणमा रवीन्द्र अधिकारी’ विषयक कार्यशाला गोष्ठीसमेत आयोजना गरिनेछ ।

रवीन्द्र पत्नी एवं प्रतिष्ठानका अध्यक्ष विद्या भट्टराईले प्रतिष्ठानले राजनीतिभन्दा माथि रहेर रवीन्द्रलाई सम्झन चाहने सबैको साझा संस्थाका रुपमा रहेको बताइन् । उनले भनिन्, ‘यो दुःखद् समयको एक वर्ष पुग्यो, शोकलाई शक्तिमा बदलेर हामी उहाँलाई स्मरण गर्दैछौं ।’ प्रतिष्ठान रवीन्द्र अधिकारीले समाजमा पुऱ्याएको योगदानलाई चिरस्थायी बनाउने र उनले अवलम्बन गरेका विचार एवं सिद्धान्तलाई स्थापित गर्दै जीवन्त राख्न सक्रिय रहने अध्यक्ष भट्टराईले बताइन् ।

## एमसीसी खारेज गर्न माग गर्दै प्रदर्शन



**काठमाडौं/मस–** अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेञ्जा कर्पोरेशन (एमसीसी) खारेजीको माग गर्दै नेपाल मजदुर किसान पार्टीले विरोध प्रदर्शन गरेको छ । राष्ट्रघाति एमसीसी सम्झौता खारेजी गर्न नेपाल सरकार र अमेरिकी सरकारको ध्यानाकर्षण गराउन प्रदर्शन गरिएको नेमकिपाले जनाएको छ ।

नेमकिपाका सांसद प्रेम सुवालले रत्नपार्कबाट निकालिएको जुलुस अमेरिकी दूतावाससम्म पुगेको थियो । एमसीसी सैन्य गठबन्धनसँग सम्बन्धित रहेका कारण यो नेपालमा आवश्यक नरहेको उनले बताए । अमेरिकाले हिन्द प्रशान्त क्षेत्रमा अशान्ति चाहेको र उसको लक्ष्य यो क्षत्रमा युद्ध गरी हतियराको ब्यापार गर्ने रहेको उनले बताए । नेपालस्थित अमेरिकी दूतावास मार्फत अमेरिकी सरकारलाई विरोधपत्र बुझाएको उनले बताए ।

प्रदर्शनका क्रममा देश बेच्न पाइँदैन, एमसीसी खारेज गर, विदेशी पूँजीपति दलालहरु मुर्दाबाद लगायतका नारा लगाइएका थिए । त्यसैगरी सैन्य गठबन्धन चाहिँदैन, अमेरिकी साम्राज्यवाद मुर्दावाद लगायतका नाराहरु प्रदर्शनकारीहरुले लगाएका थिए ।

## दोलखा महोत्सवको तयारी तीव्र
## ५५ हजार पर्यटकले महोत्सव अवलोकन गर्ने अनुमान

**राजन बस्नेत/मध्यान्ह**
दोलखा १३ फागुन



नेपाल भ्रमण बर्ष २०२० लाई लक्षित गर्दै आयोजना गर्न लागिएको दोलखा महोत्सवको तयारी तीव्र रूपमा अगाडि बढेको छ । दोलखा उद्योग वाणिज्य संघले आयोजना गर्न लागेको महोत्वमा ५५ हजार भन्दा बढी आन्तरिक तथा बाह्य पर्यटकहरुले अवलोकन गर्ने अनुमान गरिएको छ ।

महोत्सवबारे आवश्यक जानकारी दिन सोमबार दोलखा उद्योग वाणिज्य संघले आायोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा संघका महासचिव हेमराज रिमालले दोलखा उद्योग वाणिज्य संघकै आयोजनामा जिल्लामै पहिलो पटक महोत्वस हुन लागेको बताए ।

आगामी फागुन २१ गतेदेखी ३० गते सम्म आयोजना हुने महोत्सवमा लगानी सम्मेलन समेत हुने छ । दोलखा जिल्लामा बढी भन्दा बढी लगानीकर्ता ल्याई रोजगारी सिर्जना गर्ने उद्देश्य रहेको संघका अध्यक्ष इन्द्रबहादुर श्रेष्ठले बताए । जसका लागि जिल्लाका मेघा परियोजना पहिचान गरी लगानीकर्ता समक्ष लगानीका लागि प्रस्ताव गरिने अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

महोत्सव स्थलमा एक सय ५५ देखी एक सय ७५ वटा सम्म स्टल रहने छन् भने स्थानीय उत्पादनको प्रदर्शनी तथा विक्री वितरणका लागि निःशुल्क स्टल उपलब्ध गराउने संघले जनाएको छ ।

महोत्सवमा सुचना प्रविधिको प्रर्दशनी, सास्कृतिक कार्यक्रम, जलविद्युत आयोजनाबारे छलफल, हेलिकप्टर मार्फत दृष्य अवलोकन, लाखे नाँच प्रदर्शनी, स्थानीय उत्पादनहरुको प्रदर्शनी, दोलखा फोटो प्रदर्शनी जस्ता आकर्षण रहने संघले जनाएको छ ।

महोत्सवको अवसर पारेर दोलखामा रहेका होटलहरुले विशेष छुट प्याकेज समेत ल्याउने पत्रकार सम्मेलनमा जानकारी दिइयो । दोलखा सदरमुकाम चरिकोट स्थित टुडिखेल मैदानमा हुने महोत्सवमा डेढ करोड खर्च हुने अनुमान गरिएको संघकी कोषाध्यक्ष अनिता श्रेष्ठले जानकारी दिइन् ।

## १९ तोला सुनसहित पक्राउ

**सिरहा/मस–** प्रहरीको टोलीले ठूलो परिमाणमा अवैध सुनसहित मंगलबार दुई जनालाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरी टोलीले लहानस्थित शहीद चोकबाट १९ तोला ९७ लाल सुनसहित लहान नगरपालिका- १९ का मोहम्मद मोतिउल रहमान र मोहम्मद मुचुजालाई पक्राउ गरेको हो ।

प्राप्त गोप्य सूचनाका आधारमा प्रहरी टोलीले पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको को३८प २६३२ नम्बरको मोटरसाइकललाई चेक गर्दा दुबैको साथबाट सुनको चार वटा चेप्टो टुक्रा गोलो बनाई लुकाइछिपाइ राखेको करिब रु १५ लाख ५८ हजार मूल्य बराबरको अवैध सुन बरामद भएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रवक्ता प्रहरी नायब उपरीक्षक विनोद घिमिरेले जानकारी दिए ।

पक्राउ परेको सुनसहित दुबैमाथि कारवाहीका लागि जिल्ला भन्सार कार्यालय माड्रमा बुझाइने प्रहरी नायब उपरीक्षक घिमिरेले बताए । यस्तै प्रहरीको टोलीले सिरहाको कर्जन्हा नगरपालिका-३ जनक चोकबाट लागुऔषधसहित धनुषाको गणेशमान चारनाथ नगरपालिका-५ टडिया निवासी ३४ वर्षीय तीर्थबहादुर कार्कीलाई पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय बन्दीपुर सिरहाबाट खटिएको टोलीले स१० प ३४०२ नम्बरको मोटरसाइकलमा सबार कार्कीलाई डाइलेक्स डिसी पाँच बोतल, नाइट्रोभेट ट्ययाब्लेट २२ पिस, स्पास्मो ट्याब्लेट १५ पिस लागुऔषधसहित पक्राउ गरेको हो ।

## कर्णाली नदीमा जीप खस्दा चालकको मृत्यु

**कालिकोट/मस–** कर्णाली राजमार्गअन्तर्गत कालिकोटको नरहरिनाथ गाउँपालिकाका-१ को जिते बजारमा कर्णाली नदीमा मंगलबार बिहान जीप खसेको छ । रासकोटबाट जितेगडा यात्रु लिएर आएको लु१ज ४१४१ नंको जीप फर्किने क्रममा कर्णाली नदीमा खसेको जिल्ला प्रहरी कार्यालय कालीकोटका प्रहरी प्रमुख श्यामबाबु ओलियाले जानकारी दिएका छन् ।

जीपमा सवार यात्रु झारेर ब्याक गर्ने क्रममा दुर्घटना भएको जीपमा चालक मात्र रहेको प्रहरीले जनाएको छ । जीप नदीमा खस्दा चालक दैलेख गुराँसे गाउँपालिका-४ का १९ वर्षीय चक्रबहादुर खड्काको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कालिकोटले जनाएको छ । अहिले नदीमा खसेको जीप निकाल्ने प्रयास भइरहेको छ ।


**साउदीमा रोजगारको अवसर** | कम्पनी : REZA FOOD SERVICE CO. LTD
शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/१३ चलानी नं.: ६०१५२४१५ L.T. No.: 233872

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्युनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Main waiter | 100 | 0 | स. काममा दक्ष | 1350 | ४१,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २१ गते (4 Mar. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नै छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Vision & Value Overseas Pvt. Ltd.**
License No.: 822|066|067
GPO Box: 7764, Samakhushi ,townplanning, Kathmandu
Tel: 4358395, 4359043, 4359043, Fax: 4387582
Email: applyvnv@gmail.com | URL: vnvjobs.com



**SAUDI ARABIA मा वैदेशिक रोजगारको अवसर**

१. कम्पनी : MASAKEN AL MAJDAL CONTRACTING COMPANY LTD., SAUDI
पूर्व स्वीकृत मिति: २०७६/११/१३ चलानी नं.: ६०१५२३९८ LT. No.: 233968

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्युनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 4 | 0 | स. काममा दक्ष | 1100 | ३३,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : FOUNDER IBN MONASHER CONTACTING, SAUDI
पूर्व स्वीकृत मिति: २०७६/११/१३ चलानी नं.: ६०१५२३९९ LT. No.: 233969

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्युनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Workers | 2 | 0 | सम्बन्धित कामामा दक्ष | 1200 | ३६,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 1 | 0 | | 1800 | ५५,१३५ | | | | | | | |
| 3. | General Electrician | 1 | 0 | | 1200 | ३६,७५५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २१ गते (4 March 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | कामदार आफैले | कामदार आफैले | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नै छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**लिङ्क स्टार मेनपावर सर्भिसेज प्रा. लि.**
पा.ब. नं. ११९७२, गोंगबु-५, काठमाडौं, फोन:४३५७०४७, ९८०८९६१७१२
Email: linkstarmanpower@gmail.com, Web: www.linkstar.com.np



**साउदीमा रोजगार** | १. कम्पनी : RAGI ABDULLAH AL-FARD AL-OTAIBI READY MIX FACTORY
शहर : RIYADH

पूर्व स्वीकृत मिति: २०७६/११/१३ चलानी नं.: ६०१५२३८० L.T. No.: 233509

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्युनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५५,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : FUN TIMES CORPORATION FOR SERVING DRINKS शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०७६/११/१३ चलानी नं.: ६०१५२३५२ L.T. No.: 233740

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्युनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 2 | 0 | सम्बन्धित कामामा दक्ष | 1500 | ४५,९४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Coffee and tea makers and others | 2 | 0 | | 1500 | ४५,९४५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २१ गते (4 Mar. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नै छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**माउण्ट कञ्चन इन्टरनेशनल प्रा. लि.**
पि.ओ.बक्स: ८९७५, इ.पि.सि. ८१३, पिङ्गलास्थान-९,गौशाला
फोन: ४४८१०४१, ४४९९०९४
Email: info@mountkanchan.com.np | Website: mountkanchan.com



राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।

**कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.**
**Cosmo Nepal Travel And Tours (P.) Ltd.**



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# सुशासन, तर पूर्वाग्रही ?

उपप्रधानमन्त्री एवम् रक्षामन्त्री रहेका नेपाल ट्रष्टका अध्यक्ष ईश्वर पोखरेलले ट्रष्ट सम्बन्धी श्वेतपत्र जारी गरेका छन् । ट्रष्टको जग्गा, सम्पत्ति र जारी कार्य प्रगति विवरण समेट्दै पोखरेलले श्वतपत्र जारी गरेका हुन् । श्वेतपत्रमा ट्रष्टको नाममा १२ जिल्लामा २१ हजार ५६२ रोपनी जग्गा रहेको जनाइएको छ । त्यस श्वेतपत्रमा काठमाडौंको मातातीर्थ, सतुंगल र बालाजुमा गरी १३७ रोपनी जग्गा मोहीको नाममा नामसारी भएको छ । २०७४ भदौ २६ गतेको मन्त्रिपरिषद निर्णयबाट मोहीको नाममा नामसारी भएको हो । श्वेतपत्रमा गएको पुस मसान्तसम्म ट्रष्टको कोषमा रू.७८ करोड नौ लाख ७७ हजार ७९३ रहेको जनाइएको छ ।

श्वेतपत्रले समयअवधि ६ वर्ष बाँकी रहँदै गोकर्ण रिसोर्ट यती होल्डिङ्सलाई थप २५ वर्षका लागि लिजमा दिने निर्णयबारे समेत विस्तृतमा खुलाइएको छ । रिसोर्ट यतीलाई दिदा सरकारको घाँटी जोडिएको भनी तीव्र आलोचना खेप्दै आएका प्रधानमन्त्री केपी शर्मा ओलीले फागुन ४ गते सरकारको दुई वर्षे कार्यप्रगति विवरण सार्वजनिक गर्दै यसबारे चाँडै खुलाशा गर्ने प्रतिबद्धता जनाएका थिए । संसद सम्बोधन मार्फत प्रधानमन्त्री ओलीले गोकर्ण रिसोर्टबारे थप जानकारी दिने घोषणा गरेको १० दिन पछाडि उपप्रधानमन्त्री पोखरेलले श्वेतपत्र जारी गरेका छन् ।

उक्त श्वेतपत्रले गोकर्ण रिसोर्ट यतीलाई लिजमा दिने निर्णय तत्कालीन प्रधानमन्त्रीहरू सुशील कोइराला, शेरबहादुर देउवा र पुष्पकमल दाहाल प्रचण्ड तथा गृहमन्त्रीहरू बामदेव गौतम, बिमलेन्द्र निधि र जनार्दन शर्मा संलग्न रहेको श्वतपत्रमा उल्लेख गरिएको छ । तर, वर्तमान प्रधानमन्त्री ओली र रक्षामन्त्री ईश्वर पोखरेल तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालको नाम भने उल्लेख गरिएको छैन । श्वेतपत्रले गोकर्ण रिसोर्ट यतीलाई दिन को–को संलग्न थिए भन्ने सार्वजनिक गर्न खोजिएको प्रष्ट हुन्छ तर, ओली–नेपाल–पोखरेलको नाम संलग्न नहुनुले फेरि पनि केही आशंका जन्माएको छ, जसरी ललिता निवास जग्गा अनियमिततामा नेकपाका महासचिव विष्णुप्रसाद पौडेलका छोरा नबिनलाई माफी दिइएको थियो ।

यी दुई प्रकरणमा सरकारले पारदर्शिताको प्रयत्न गरेको देखाउन त खोजेको देखिन्छ तर, प्रतिपक्षी दल नेपाली काँग्रेसले भनेजस्तो आफू निकटलाई चोख्याउने प्रयास पनि भएको छ । यसले सुशासन त कायम हुन सक्दैन नै, सँगै सरकार प्रतिशोधपूर्ण नीतिमा रहेको समेत सन्देश जानेछ । यस्तो पूर्वाग्रही कदम सुशासन र समृद्धिको नारा लगाउने सरकारका लागि प्रत्युत्पादक हुने निश्चित छ । प्रचण्ड बहुमतको जगमा उभिएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेतृत्वको सरकारको कार्यशैलीबारे भने यी दुई घटनाले गम्भीर प्रश्न उठाएको छ ।

## सामाजिक सञ्जाल



केन्द्रीय सल्लाहकार परिषद्, जेष्ठ कम्युनिस्ट मञ्च, अनुशासन आयोग, लेखा आयोग, निर्वाचन आयोग र विभागहरूलाई पूर्णता दिएर नेता कार्यकर्तालाई जिम्मेवारी दिन नेतृत्वको ध्यान किन नगइरहेको होला ? प्रदेशस्तरीय कार्यकर्ता भेलाहरू चलिरहेको बेला उठ्ने प्रश्नलाई नेतृत्वले ध्यान दिनुपर्ने हो ।

**- विष्णु रिजाल**



सेक्युरिटी प्रिन्तिङ्ग प्रेस फ्रान्सेली कम्पनीसँग हुनै लागेको अन्तिम समयमा अडियो आउट भएपछि रोकिएको फाईल सह–सचिव र मन्त्री स्तरिय कर्यदलले तयार पारेको र क्याविनेटले अनुमोदन गरेको थियो । यो सम्झौता हुँदा छ अरब जति घोटाला हुन्थ्यो । दोषी को को हुन कानुनलाई थाहा छ ।

**– गाउँले दाइ**



खासमा वामदेव गौतम, नेकपाको पिलो नै हुन् । मनमोहनले बरर आँसु झारेर पार्टी नफुटाउन बिन्ती गर्दा पनि ५४ सालमा पार्टी फुटाइ छाडेका मान्छे हुन् । उनलाई न पार्टीको माया छ न देशको, न त जनताको नै मतलब छ ।

**– सरोज**



न्यूटन ले त जाबो स्याउ खसेर पत्ता लगाएको गुरूत्वाकर्सणले चर्चित भय । जति पढन खोज्यो ऊति चलाउन मनलागने, यो टुइटर र मानब बीचको अचम्मको आकर्षण को बारेमा पत्ता लगाएरस न्यूटन त के, तिनको ठूलादाई इमितयल समेतको रेकर्ड तोड्ने हो ।

**– सन्तोष घिमिरे**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# निको नभएको द्वन्द्वको घाउ



■ रमेश भट्टराई 'सहृदयी'

> "निरीहका छातिमाथि टेकेर सत्तामा बस्दै डुक्रिएका आवाजसँग के शान्तिका बाटिकामा फूल्न सक्ने सुगन्ध फैलिएको होला?त्यसका पछाडि भइरहेका रोदन, वेदना र त्यो निरीह चित्कारलाई कसले नियालेको छ र ? कति स्कुले बच्चाले पढ्न पाएनन्, कैयौंको जायजेथोमा अत्याचार गरियो, कैयौं सुत्केरीले मृत्यु शय्यामा प्राण आहुति दिए,

'जनयुद्ध दिवस' को सम्झनामा त्याग र बलिदानीका गर्वान्वित वीर रसयुक्त वाणी बोलिनु एक हदमा सार्थक देखिन्छ । युद्ध गर्नु रहर होइन बाध्यता र परिवर्तनको नारा ओकलिन्छ । आफू सही र हिजोको खराबीको तर्क भिरेर आफूमैत्री व्याख्या गर्दा मात्र उपलब्धि हो भन्न सकिएला त ! केवल विसङ्गतिको एउटा आभाले पोल्छ जुन केही भएका उपलब्धिलाई छोपिदिने कारक बनेका हुन् । द्वन्द्वको नेतृत्व गर्ने हिजोको टिम नै आज क्रान्ति नै नगरेका व्यक्ति जसरी नै आ-आफ्ना झोली झ्याम्टा बोकेर दगुरेका छन् । सबैलाई नेता नै बन्नु परेको छ । मौरीका राना धेरै हुँदा छुट्टिए जसरी बाँढिँदा हिजोको त्याग बाँढियो, जनताको विश्वास र अभिलासा चुँडियो । जनतामा घात गरियो- अहँ यो कुरा त सर्लक्कै ढाकछोप हुन्छ तब मानवीय संवेदनामा हतौडा प्रहार हुन्छ ।

शान्तिभूमि नेपालमा रगतका खोलाको होली खेलेर सानो सुखी संसारलाई बलात्कार गरेपछि चुपचाप बसेका एक दर्जन बढी सालहरूमा कति आँसु बगेका होलान्, उपलब्धिका पछाडि गुमाएका गुम नामले प्रश्न गरिरहन्छ । आजसम्मका हरेक उपलब्धिलाई युद्धका डोराले बाँधेर राखेको छ । तर, हरेक सफलतालाई एकता र समझदारीले नै निर्णायक भूमिका प्रदान गरेको हुन्छ ।माओवादीले सङ्घर्ष गऱ्यो, केही पाएको त छतर धेरै गुमायो । किनकि हिंसात्मक युद्धले ल्याएका खुशी सबैको हीतमा हुँदैनन् । त्यसमा पनि नेपाल त क्रान्तिभूमि स्वाभिमानका लागि हो तर यो त पवित्र शान्तिभूमि पनि त हो ।

बिर्सनुहुन्छ त- हिजो जनताको बिचल्ली भएको थिएन र ? - लुकाएर बिर्सन पनि त मिल्दैन । तत्कालीन माओवादीले आफ्नै कार्यकालमा पनि बेपत्ता पारिएका, अन्यायमा परेका नेपाली जनताको पीडाको सम्बोधन हुने मार्गले चित्तबुझ्दो स्थान ओगटेन । धेरैले विनाकारण पनि जोखिम मोल्न सकेनन् । हो, केही पाउन थुप्रै गुम्यो तर जनताले अझै विगतभन्दा बढी भ्रष्ट्राचारको लप्का व्यहोरिरहनु परेको छ । सर्वहारा वर्गको नेतृत्व गरेको पाटीभित्रका उच्च ओहोदा ओगटेका व्यक्तित्वले नै सर्वहारा वर्गकै पसिना चुस्न आनाकानी गरेन- इतिहास साक्षी छ । परिवर्तन के हो ? आज पनि जनता ओढारमा बस्छन् । भिरमा खोस्रेर मकै रोप्छन् तर तीन महिना खान पुग्ने अन्न घरमा हुँदैन । सत्य हो- हिमाली क्षेत्रमा जनताको पीडा उस्तै छ नियाल्दा ।

माओवादी जनयुद्धले जनतामा चेतनाको एउटा दियो बालेको कुरा स्वीकार्य छ । सम्मानित छ तर जनताले कत्रो आशा राखेका थिए, आखिर त्यही सङ्घर्ष गरेको भनिएको पाटी नै आज धुजा-धुजा भएर च्यातिन पुग्यो । केवल सम्मान, सम्पत्ति र शक्तिका लागि । अधिकारको बाँडफाँडमा जहानिया शैलीलाई त्याग्ने हिम्मत पनि देखिएन । सत्तालिप्सा र स्वार्थले जनताको बिल्लिबाठ पारेर जुन नेता जङ्गलमा बस्थे, लुक्थे, ज्यान जोगाउँथे आज तिनै वरिपरि सुरक्षागार्ड राखेर गाडीमा हिँड्छन् । तब त जनताले चाहेको आशामा निराशा थपिँदै गयो । त्यसमध्येकै निराशा रहेछ- द्वन्द्व पीडितका आँसुको भेल । हुन त यो विगतमा गर्व गर्न चाहँदा गर्व होला नै तर नेपालले आशा गरेको परिवर्तन नपाउँदा उस्तो नाक फुलाउनुको सार्थकता दोषरहित छैन ।

छोराको हत्यारालाई कारबाही हुनुपर्ने माग राखेर वीर अस्पतालको शय्यामा अनसन बसेका गंगामाया र नन्दलाल दम्पत्तिको पीडा,द्वन्द्व कालमा पारिवारिक बिचल्ली भएका जनताको आँशु कति हृदयविदारक छ । हिजोको सङ्क्रणकालीन घाउ र संविधानको निर्माणसम्मपीडितमा आशा थियो । चुनावका बेला कर्मकाण्डे घोषणापत्रले बोलेको आवाज थोत्रियो आज । पर्दामा नसमेटिएका द्वन्द्वपीडितका आँसुको सम्बोधन कसरी भयो?छोराछोरी द्वन्द्वकालमा बेपत्ता पारिएका बृद्ध बाआमालाई पानी तताएर दिने कोही छैन अनि आज उपलब्धिका चुरीफुरीमा घरदैलो हेर्ने बुद्धि कहाँ कसलाई आयो ?

नेता त जतातिर बटारिए पनि नेता नै छन् तर ती हिजो समर्पित जनताको अवस्था के छ ? सरकारले माओवादीबाट मारिएका १ हजार ३४ सेना, १ हजार ४ सय ९४ प्रहरी तथा ३ सय ७ सशस्त्र प्रहरीका परिवारलाई जनही १० लाख रुपैयाँ राहत दिने घोषणा पनि गऱ्यो । माओवादी पक्षका सहिद परिवारलाई १० लाख दिइयो पनि । यही द्वन्द्वकालीन दश वर्षमा शान्ति तथा पुननिर्माण मन्त्रालयका अनुसार सुरक्षाकर्मी, लडाकु र सर्वसाधारण समेत १७ हजार ८ सय ८६ जना मारिए, १ हजार ७ सय ३० नेपालीले वेपत्ता हुनुपऱ्यो अर्थात् १९ हजार ६ सय १६ जनाको मानवीय क्षति गराइयो । आखिर नेपाली दाजुभाइद्वारा नेपाली मारिए, नेपालीलाई बेपत्ता पारिए । तत्कालीन सङ्घर्षरत माओवादीले दिएको त्रासका कारण करिब डेढ लाख मानिसले विस्थापित बन्नुपऱ्यो ।

वास्तवमा द्वन्द्वकालका कारणले शहरीकरण बढ्यो । धेरै मानिस सुरक्षाका लागि शहरतिर कोचिएर बसे अनि गाउँ फर्केनन् । अर्कोतिर नेपालको ३८ अर्ब, ३३ करोड, १२ लाख ५० हजार रुपैयाँ बराबरको भौतिक क्षतिको तथ्याङ्कभए पनि व्यक्तिगत र सरकारी सम्पत्ति, सवारी साधनको क्षतिको यकिन विवरण छैन । तर, पीडित परिवारको घाउमा मलम गर्न कुनै निकायले दैलोमा जाने आँट र सोच राखेको छ त ?

सोच्नुपर्छ : द्वन्द्वकालमा कैयौं हत्या भए, अपहरण गरिएका छन्, बलात्कारजस्ता कुत्सित दानवीय व्यवहार भए । शारीरिक, मानसिक, भौतिक सबै खाले प्रहार भए ।अत्याचारको चरम उत्कर्षका कारण निरीह, निर्दोष जनताले पीडाको कहालीलाग्दा वेदनामा मुछिइरहेका तथ्य छन् । दशौं वर्ष त्रसित देशलेआज पाएको उपलब्धिभित्र के गर्व मात्र गरिरहेको होला?कयौं नेपालीका सिन्दुर पुछिए, काख रित्तिए दुनियाँले युद्धले ल्याएको प्राप्तिमा गर्व गरिनै रह्यो, अलिकति खुसीमा चरक्क चिरिएको छातिले सरापिरह्यो । आज पनि सराप्दै छ, त्यो व्यक्ति जसले आफ्नो बाबाको तस्विरलाई हेरेर मझेरीमा कुरेको कुरा बल्झाइरहन्छ । आमाको लासमा रगतपच्छे पारेर नारा घन्काएको ध्वनिलाई सम्झिरहन्छ । कैयौं आमाले सन्तान वियोगको मलीन आवाजको विलौनासँगै प्राण छोडिसकेका होलान् । अनेक विषयमा आशा भिराएर झुलाइएका छन्, विकासको मार्ग गफमा खुलेको छ तर देशले राजनैतिक सोचलाई बदल्न सकेको लाग्दैन । घरको सदस्य बेपत्ता भएको परिवार रोइरह्यो, आशा बोक्यो तर हात्ती आयो हात्ती आयो फुस्सा भइरह्यो । कति पाउनेले राहत पाए, कतिले नपाए पनि हुनेहरू रमाए त धेरै जनता हार खाएर बसिरहेकै छन्, सबैलाई थाहा भएकै विषय हो ।

वर्षेनी घुमेर आउने ती पापी चाडबाडमा चिरिएका छातिलाई कसले न्याय दिन सक्यो । कहाँ दुख्छ घाउ, त्यो अचानाको पिर खुकुरीलाई थाहा हुने अवस्थै छैन । निरीहका छातिमाथि टेकेर सत्तामा बस्दै डुक्रिएका आवाजसँग के शान्तिका बाटिकामा फूल्न सक्ने सुगन्ध फैलिएको होला?त्यसका पछाडि भइरहेका रोदन, वेदना र त्यो निरीह चित्कारलाई कसले नियालेको छ र ?कति स्कुले बच्चाले पढ्न पाएनन्, कैयौंको जायजेथोमा अत्याचार गरियो, कैयौं सुत्केरीले मृत्यु शय्यामा प्राण आहुति दिए, कतिले पालैसँग बलात्कार गरे, रगतपछ्छे लासमाथि बलात्कार गर्ने पाशविकतामा कुन हृदय भक्कानिएको होला । तसर्थ युद्धले पीडाकै आगो बाल्छ, शान्तिले शान्तिकै बिउलाई फलाउँछ ।

तीतो सत्य हो-कतिको व्यापार गुम्यो, जायजेथोलाई सर्वनाश गरियो≤ चाहे त्यो राज्य पक्षबाट भयो या त द्वन्द्वकालीन माओवादीबाट भयो तर त्यो भएकै हो । आज जबर्जस्ती बिर्साइए पनि टाउकाको मोल तोकिए तर यस्ता भयानक युद्धसँग मात्रै परिवर्तनको खुबी अड्केको अवश्य होइन रहेछ, समयले सिकाउँदैछ ।

बुद्धजन्य शान्तिको शङ्खघोष गर्न नसक्ने हामी, जनकको राजनीति बुझ्न नचाहने, हिटलरजस्तो प्रवृत्तिको अनुशरण गर्न जान्ने तर रामराज्यको न्याय अनि जनसेवाको आदर्श नीति जान्नै नचाहने, सत्यवादी युधिष्ठिरको रानजीति, विदुरको अर्थनीति, राजनीति र कुटनीति नबुझ्ने हामीलाई पाशविक हिंसात्मकतासँग किन चासो बढिरह्यो पश्चाताप गर्न सक्नुपर्छ । ती पोलेको घाउमा कतिले मलमपट्टि पाए, कतिले पाएनन् भन्ने विषयमा अरुले सोच्न नसके पनि कमसेकम माओवादी नेतृत्वको सरकारले समेत् बुझ्न नसकेको भान हुन्छ । अब पीडा उही जोडिन्छ, ती बेपत्ताका परिवारले, द्वन्द्व पीडितको टुङ्गो नपाएका निरीह परिवारले त्यो आँशु कसका सामु बहाउने, त्यो बिलौनालाई प्रभावकारी सम्बोधन कसरी भयो ?

न्याय व्यवस्थापन गर्न गठित आयोगले त कानुनी मानवीय आधारलाई केलाउला तर संवेदनाभित्र पसेर नियाल्न पीडितको आजको अवस्थालाई हेरिनुपर्छ । किनकि आज त अझ न्यायालयलाई शक्ति र ओहोदाको कालो बादलले ढाकेर न्यायको टोकरीमा स्वार्थ, फुट र निरङ्कुश अमानवीय गुणका विषाक्त फलहरू सजिएका तीता सत्य छन् । समस्यामा मलमपट्टि लगाउनैका लागि बेपत्ता आयोग बने तर ती मानव अधिकार उल्लङ्घनका घटनालाई छानबिन गर्न नसकेका तीता सत्यले पछ्याएकै छन् । संक्रमणकालीन न्याय व्यवस्थापनलाई कछुवा गतिमा हिँडाएर आँखामा छारो हालिएका वेदनामा उपलब्धिका कुराले नाक फुलाइनुमा कुनै अर्थ रहला र । आजसम्म कतिले शान्ति पाए, गम्भिर विषय छ । न्याय र अन्यायको आगो कसरी बल्दै छ त्यो भोग्नेले बोध गर्छ ।

मानव अधिकार उल्लङ्घनका कैयौं घटनामा शक्ति र सामर्थ्यको तानाशाही दबाब भएका पीडितका गुनासा खोलाका गीत बनिरहनु लज्जास्पद विषय हुन् । उपलब्धिलाई पोल्टामा राखेर सबैजसो पार्टीले आफू क्रान्तिकारी, परिवर्तनकारी, जनमुखी भएको घोषणापत्र बोकेर घरदैलोमा भोटको भिख माग्न पुगे तर ती गुनासा कहाँ अड्किए थाहा छैन । पीडकको पहिचान र पीडितलाई न्याय दिने कानुनको दर्बिलो आधारमा देशको उच्च वर्गले कानमा तेल हालेर बस्दा आज भनिएका लोकतन्त्र, गणतन्त्रका उपलब्धिलाई गम्भिर भएर विश्लेषण गर्ने बेला आएको छ । संयुक्त राष्ट्र संघले सर्वोच्चको आदेशानुसार ऐन संशोधन नभएसम्मका लागि आयोगलाई मान्यता नदिनुका साथै सहयोग नगर्ने विज्ञप्ति दिएको पनि थियो । फेरि एउटा अचम्मको विषय सरकार किन जागरुक बन्न सकेन ?आखिर दोषी कसरी पत्ता लाग्ने हो अनि त्यसका लागि कानुन के बनेको छ, कारबाही कसरी हुन्छ ? के यस विषयमा पनि पार्टीले दोषीलाई काँध हालेर पीडितलाई मुर्गा बनाउने खेल रच्ने त होइन?

द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रम, घाइतेहरूको सरकारी अस्पतालमा निःशुल्क उपचार गराउने, उच्चस्तरीय सिफारिस समिति गठन गरी शहीदको मापदण्ड निर्धारण, सहीद पहिचान तथा सिफारिस गरी घोषणा गर्नेसम्मका प्रतिबद्धता चार वर्ष अघि नै भएका हुन् ।सङ्क्रमणकालीन न्यायका लागि सत्य निरूपण तथा मेलमिलाप आयोग तथा बेपत्ता छानबिन आयोगद्वारा शहीद तथा बेपत्ता व्यक्तिका परिवारलाई परिचय पत्र उपलब्ध गराउने नीति पनि त्यति बेलै बनेको हो । यसमा द्वन्द्वका कारणबाट क्षतिग्रस्त भौतिक संरचना पुनर्निर्माणका विषय पनि समाहित हुनुपर्ने विषय लुक्दैन ।

तर, कतिपय विस्तृत छानबिन भएका विषयमा समेत् उचित कानुन नहुँदा सोधपुछ गर्ने स्थिति समेत् नरहनु दुःखद् र लज्जास्पद विषय बनेको छ । बेपत्ता बनाइने कार्यको अपराधिकरण बनाइनेसम्मका विषय नहुनु पीडाप्रद पक्ष हो । हिजो जानाजान या अनजानमा भएका कमजोरीलाई अब पनि कुनै सरोकारवालाले ढोकर बस्नु न्यायसङ्गत हुन सक्दैन । पीडितका गुनासासँग हातेमालो गर्ने स्थितिको अभाव हुनुको पछाडि असंवेदनाको पराकाष्ठा भेटिन्छ । आज देखिएका र भन्दै आएका उपलब्धिमा बाठाले नै फाइदा लिए तर कमसेकम मर्ने त मरिगए बाँचेकाहरूको आवाजमा आँसुमा होली खेलिनुहुन्न । ती सबै हाम्रै नेपाली सन्तति हुन् । युद्धले पोलेको घाउमा मलम लगाइनु आवश्यक छ । तिनका आवाज खोलाको गीत नबनून् । यस्तो गम्भिर विषयलाई सम्बोधन गर्नु आजको अवस्थामा सरकार र सरोकारको दायित्व हो । यसो नहुँदायो देशले पाएको सिङ्गो उपलब्धिलाई उपहास गरे सरह हुन्छ भन्दा फरक नपर्ला ।

# जनसंख्याको आधारमा अल्पसंख्यक ?

**'जनसंख्याको आधारमा मात्र 'अल्पसंख्यक' भन्नु सामाजशास्त्रको दृष्टिकोणले आफैमा बहसको बिषय भए पनि नेपालको परिपेक्षमा आदिवासी लाई 'अल्पसंख्यक' भन्नु ठिक होईन ।'**



डोल्मा शेर्पा

नेपालमा पछिल्लो समयमा 'अल्पसंख्यक' भन्ने शब्दवाली माथि गम्भिर बहस सुरुभएको छ । नेपालको संविधानमा 'अल्पसंख्यक' समुदायको लागि स्थानिय तह, प्रदेश र राष्ट्रिय सभामा आरक्षित सिट सुरक्षित गरिएपछि 'अल्पसंख्यक' माथि बहस सुरुभएको हो ।

समाजशास्त्री डा. कृष्णबहादुर भट्टचनका अनुसार 'अल्पसंख्यक'को परिभाषा संख्याको आधारमा भन्दा बहिस्करण र बँचितिकरणको आधारमा मात्र गर्न सकिन्छ । नेपाल सरकारले निर्वाचन प्रयोजनका लागि भन्दै २०७४ साल बैशाख ११ गते नेपालको जनसंख्याको ०.५ प्रतिशत हुने जातजातिलाई 'अल्पसंख्यक' भनेर परिभाषित गरेको छ ।

नेपाल सरकारले ९८ जतजातिलाई ' अल्पसंख्यक' भनेको छ । यस सूचिअनुसार दलित, मुसलमान, मधेशी र आदिवासी जनजातिका ५६ समुदायलाई 'अल्पसंख्यकमा' पर्दछ । यस अनुसार सबैभन्दा ठुलो समुदाय शेर्पा देखि सबैभन्दा सानो कुसुन्डा, राउटे समेतलाई 'अल्पसंख्यक' मानेको छ। अल्पसंख्यकमा पर्नेहरुमा आदिवासी जनजातिको राईमा सूचिकृत कुलुङ, नाछिरिङ, याम्फु, चाम्लिङ, आठपहरिया, साङपाङ, बान्तवा, मेवाहाङ, बाहिङ, थुलुङ, खालिङ, लोहोरुङ लगायत छन् ।

तराईमा बसोबास गर्ने आदिवासी जनजाति राजबंशी, सतार/सन्थाल, झाँगड, गनगाई, धिमाल, मेचे, पथ्थरकट्टा/कुशबाडिया, बिन, ताजपुरिया, किसान, मुण्डा, कोचे, छन् । यसरीनै हिमाली क्षेत्रमा बसोबास गर्ने शेर्पा, भोटे, थकाली, ह्याल्मो, डोल्पो, व्यासी सौका, ल्होमी, तोप्केगोला, वालुङ, ल्होपा अल्पसंख्यामा परेका छन् । यसरीनै पहाडी भेगमा बसोबास गर्ने कुमाल, घर्ति/भूजेल, दनुवार, माझी, चेपाङ, सुनुवार, थामी, याक्खा, घले, खवास, दराई, पहरी, छन्तयाल, बोटे, बरामो, जिरेल, दुरा, राजी, लेप्चा, हायू, राउटे, कुसुन्डा लगायत छन् । यसरी सूचिकृत समूदायको तर्फबाट केहीले स्थानीय तहको निर्वाचनमा भाग लिएर निर्वाचित पनि भएका छन् भने केहीले भने 'अल्पसंख्यक'को सूचिकरणलाई अस्वीकार गरेका छन् । केही आदिवासी समुदायले भने स्वीकारेका छैनन् ।

'जनसंख्याको आधारमा मात्र 'अल्पसंख्यक' भन्नु सामाजशास्त्रको दृष्टिकोणले आफैमा बहसको बिषय भए पनि नेपालको परिपेक्षमा आदिवासी लाई 'अल्पसंख्यक' भन्नु ठिक होईन ।' समाजशास्त्री डा. कृष्णबहादुर भट्चनले भन्नु भयो- 'जनसंख्याका आधारमा 'अल्पसंख्यक' भन्ने हो भने नेपालका सबै जातजाति 'अल्पसंख्यक' हुन्छन् । खसआर्यको जनसंख्यालाई टुकाइएर कुमाइ बहुन र पूर्विय बाहुन भन्न थालियो भने उनीहरु झन अल्पसंख्यकमा पर्छन् , यसै पनि नेपालको जनसांख्यिक तथ्यांकमा राजनीति छ ।'

उता आदिवासी अधिकारकर्मी डा. सोम धिमाल पनि आदिवासी लाई 'अल्पसंख्यक' भन्न नहुने जिकिर गर्नुहुन्छ । राज्यले कुन हिसाबवाट 'अल्पसंख्यामा' राख्यो हामीलाई थाहा छैन । डा. धिमाल थप्नुहुन्छ -'जल, जमिन, जंगलको अधिकार प्राप्त आदिवासीहरु 'अल्पसंख्यक' हुनै सक्दैनन आदिवासीको अधिकार संयुक्त राष्ट्रसंघीय घोषणपत्र र आइएलओ १६९ ले मार्गनिर्देशन गरेको हुन्छ । आदिवासीहरुमा परम्परागत संस्थाहरु कानुनहरु प्रयोग गर्ने अधिकार हुन्छ तर 'अल्पसंख्यक'हरुले यी अधिकार पाउँदैन्न ।'

आदिवासी अभियान्ताहरु आदिवासीलाई विकास र सहभागिता गराउने हो भने नेपाल सरकारको सूचिकरण र वर्गीकरण अनुसार लोपोन्मुख र सिमान्तकृत समुदायलाई प्राथमिकता दिएर योजना तथा कार्यक्रम बनाउन सकिन्छ । नेपाल आदिवासी जनजाति महासंघका उपाध्यक्ष गोविन्द छन्त्यालका अनुसार ५९ वटा आबिदासी जनजाति समुदायलाई ५ भागमा बर्गिकरण गरिएको छ । त्यस वर्गीकरण अनुसार नेवार र थकाली उन्नत जाति, र अन्य समुदायलाई सिमान्ताकृत, अति सिमान्ताकृत र लोपोन्मुख समुदायमा वर्गीकरण गरिएको छ ।

नेपालको संविधान २०७२मा स्थानीय तहहरुको कार्यपालिका सदस्य, प्रदेश सभा सदस्य र राष्ट्रिय सभामा 'अल्पसंख्यक' समुदायका लागि भनी आरक्षित सीट राखिएको छ ।

*(साभारः इन्डिजिनियस फिचर सेवा)*

प्रभावकारी बन्दै सडकमा सीसीटीभीको निगरानी

# ७ महिनामा ७५१८ चालक फन्दामा



राजेश्वरी कार्की/मध्यान्ह
काठमाडौं, १३ फागुन

ट्राफिक नियम उल्लंघन गरी सवारी चलाउने ७ हजार ५ सय १८ सवारी चालक कारबाहीमा परेका छन् । ट्राफिक प्रहरीले सिसी क्यामराको सहयोगमा पछिल्लो सात महिनामा यी चालकहरूलाई नियन्त्रणमा लिएको हो ।

उपत्यकाका विभिन्न स्थानमा ट्राफिक नियम उल्लंघन गर्ने सवारी चालकलाई सिसी क्यामेरा फुटेजको आधारमा नियन्त्रणमा लिएर कारबाहीको दायरामा ल्याएको महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रहरी नायब उपरीक्षक शंकर पाण्डेले मध्यान्हलाई जानकारी दिए ।

महाशाखाले आर्थिक वर्ष ०७४/७५ मा ५ सय ५१ सवार ीसाधनका चालकलाई कारबाही गरेको थियो । त्यस्तै, गत आ.व ०७५/७६ मा ८ हजार ३ सय ८० चालक कारबाहीमा परेका थिए भने चालु आर्थिक वर्षको ७ महिनाको अवधिमा ७ हजार ५ सय १८ जना कारबाहीको दायरामा आएका छन् ।

उक्त तथ्यांकको तुलनामा चालु आर्थिक ०७६/७७ मा श्रावण महिनादेखि माघसम्ममा अत्यन्तै धेरै सवारी साधन कारबाहीमा परेको देख्न सकिन्छ ।

महाशाखाले दिएको जानकारीअनुसार प्रहरी कार्यालय रानीपोखरीको कन्ट्रोल रुमबाट सडकमा खटिएको टोलीमार्फत श्रावण महिनामा १ हजार ९९, भदौ महिनामा १ हजार ४३, असोज महिनामा ६ सय २३, कात्तिक महिनामा ६ सय २६, मंसिर महिनामा ९ सय १०, पौष महिनामा ९ सय ९७ र माघ महिनामा १ हजार ४७ चालकलाई कारबाही गरेको हो ।

त्यस्तै, महानगरीय प्रहरी कार्यालय रानीपोखरीको सिसी क्यामरा फुटेजको आधारका श्रावण महिनामा १ सय ४३, भदौ महिनामा १ सय ३३, असोज महिनामा ६३, कार्तिक महिनामा १ सय ८, मंसिर महिनामा १ सय ३३, पौष महिनामा २ सय ३ र माघ महिनामा १ सय ५२ चालकलाई कारबाही गरिएको पाण्डेले बताए ।

त्यस्तै, सर्भिलेन्स भेइकल र अन्य क्यामरामार्फत श्रावण महिनामा २९, भदौ महिनामा २४,असोज महिनामा ३१, कार्तिक महिनामा ३०, मंसिर महिनामा ५५, पौष महिनामा ३८ र माघ महिनामा ३१ चालक कारबाहीमा परेका छन् ।

महाशाखाका प्रहरी नायब उपरीक्षक शंकर पाण्डले भने, 'सिसी क्यामराको प्रयोगमार्फत सवारी नियम उलङ्घन गर्ने थुप्रै चालकलाई नियन्त्रणमा लिएर कारबाही गर्न सफल भएका छौं,' 'ट्राफिक प्रहरी देख्दा ट्राफिक नियम मान्ने, नदेख्दा ट्राफिक नियम उलङ्घन गर्ने प्रवृत्तिको अन्त्यका लागि सिसि क्यामरा सहयोगी बनेको छ ।'

ट्राफिक नियम उल्लंघनका घटनासँगै महाशाखाले ०७४ माघ २५ देखि सिसी क्यामराको प्रयोगमार्फत सवार ीसाधनका चालकलाई कारबाही गर्न थालेको हो । महाशाखाले सिसी क्यामराका अतिरिक्त ड्यासबोर्ड क्यामरा, ग्रोप्रो क्यामरा, बडिवन क्यामरामार्फत पनि कारबाही गर्दै आएको छ ।

उपत्यका ट्राफिक प्रहरी प्रमुख भीमप्रसाद ढकालले सीसी क्यामेराको प्रयोगले ट्राफिक नियमनलाई छरितो र प्रभावकारी बनाउँदै लगेको बताए । उनले सीसीटिभीले ट्राफिक नियमनमा उल्लेखनीय भूमिका निभाएको भन्दै दैनिक १ देखि डेढ सय सवारीलाई कारबाही गर्न सफल भएको बताए ।

हाल उपत्यकाभर १ हजार ६ सय ८४ वटा सीसीटिभी रहेकोमा यसलाई थप गर्दै लैजाने काम भइरहेको ढकालले जानकारी दिए ।

अहिले सीसीटिभी जडान भएका स्थानमा पनि छुट्टाछुट्टै निकायबाट हेर्ने काम भइरहेको छ । आगामी दिनमा यसलाई एकै स्थानबाट सबै ठाउँको नियमन गर्ने गरी काम अगाडि बढाउने योजना रहेको उनले बताए ।

ढकालले आउने दिनमा स्मार्ट सीसी क्यामेरासमेत जडान गरिने जानकारी दिए ।'अहिले सामान्य सीसीक्यामेरा जोडिएको छ, आउँदो समयमा राखिने क्यामेरा स्मार्ट र थप जानकारी दिनेखालको हुनेछ,' उनले मध्यान्हसँग भने ।

सीसी क्यामेराले ट्राफिक नियन्त्रण मात्र नभई समाजमा हुने अपराधलाई समेत नियन्त्रण गर्न सक्ने भन्दै उनले अहिलेको तुलनामा दोब्बर सीसी क्यामेरा जडान गर्न आवश्यक रहेको बताए ।

'सिसी क्यामेराले ट्राफिक नियमपालनाका लागि मात्र नभई सर्वसाधारणमा सचेतनासमेत जगाएको छ, यसलाई अझै विस्तार गर्दै लाने छौं,' ढकालले भने ।


## मलेशियामा रोजगार | कम्पनी : HOI SOON IMPORT & EXPORT SDN BHD
शहर: MALAYSIA

स्वीकृत मिति: २०७६/१०/१० चलानी नं.: ६०१५०५४२ L.T. No.: 231394 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 3 | 0 | स. कामता दक्ष | 1200 | ३२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २१ गते (4 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझनुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

युनाईटेड प्लेसमेन्ट एण्ड इम्प्लोईमेण्ट सर्भिस प्रा. लि.
पो.ब.नं. ८९७५, इपिसी १८२१, गोंगबु, काठमाडौं, नेपाल, फोन: ४३८३९१३
श्रम इजाजत नं. ४४ ०६९/०७०
E-mail: info@upesoverseas.com, upesoverseas@vianet.com.np



## साउदीमा रोजगार | कम्पनी : MAALI MALIK ABED AL ENAZI TRADING EST.
शहर : SAUDI

पूर्व स्वीकृत मिति: २०७६/११/१३ चलानी नं.: ६०१५२३७४ LT. No.: 233792

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 2 | 0 | स. कामता दक्ष | 1000 | ३०,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, सिनामंगल, काठमाडौंमा फागुन २१ गते (4 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझनुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Work Force Services Pvt. Ltd.
Sinamangal-9, Airport, Kathmandu, Nepal
Tel.: +977-1-4469912, 4469913, 4469914, Fax : +977-1-4469915
E-mail : info@workforce.com.np, Website: www.workforce.com.np



## कतारमा रोजगार | कम्पनी: HYDERABADI DASTER RESTAURANT
शहर : QATAR

पूर्व स्वीकृत मिति: २०७६/०८/१७ चलानी नं.: ६०१५०८९५ LT. No.: 231271 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cooker | 1 | 0 | स. कामता दक्ष | 1500 | ४७,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा फागुन २१ गते (4 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझनुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Kalika Human Resource Pvt. Ltd
Gov. Lic No. 1331/074/075
Basundhara, Kathmandu, Tel : 4365281, 4363238, 9818121112,9851253935
Email : kalikahuman1331@gmail.com, Web.: www.kalikahuman.com.np



## साउदीमा रोजगार | कम्पनी : ABNA AL-WASHAM FOR CONTRACTING CO
शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७६/०९/१८ चलानी नं.: ६०१४९५४३ LT. No.: 230348 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labours | 14 | 0 | स. कामता दक्ष | 1000 | ३०,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा फागुन २१ गते (4 March 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझनुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

New S.V. International Pvt. Ltd.
Lic No.: 426/060/061
House No. 26/35, Prabesh Marga, Maharajgung, Chakrapath, Kathmandu, Nepal
Tel: +977-01-4720331, E-mail: info@newsvintl.com.np , Web: www.newsvintl.com.np


## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## धितो रहेको अचल सम्पति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति: २०७६/११/१४

तपसिलमा उल्लेखित तपाई ऋणीले यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडबाट विभिन्न शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०७०/०१/१८ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ (पैंतिस) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ता समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधरणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को अब्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय नारायणहिटीपथमा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ ।

यस लिलाम प्रक्रियामा अर्पाटमेन्टका फ्ल्याटहरु ओरियन्टल बिल्डर्स एण्ड डेभलपर्स प्रा.लि.बाट खरिद गर्न सम्झौता गरेका तथा बैंक, ओरियन्टल बिल्डर्स एण्ड डेभलपर्स प्रा.लि. र अपार्टमेन्ट व्यवस्थापन समिति बिच भएको त्रिपक्षीय सम्झौता अनुसार भोगचलन गरी बसेका व्यक्तिहरुलाई प्राथमिकता दिइने छ ।

### तपसिल

**कर्जा शिर्षक : ओभरड्राफ्ट, चालु पुँजी कर्जा तथा माग कर्जा**

**ऋणीको नाम : ओरियण्टल विल्डर्स एण्ड डेभलपर्स प्रा.लि.**
रजिष्टर्ड ठेगाना : काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा वडा नं.४, धुम्बाराही
रजिष्ट्रेसन नं. : २४५९५/०६०/६१
पान नं. : ३०१५१११५१

**कम्पनीका सञ्चालक तथा जमानीकर्ताको नाम र ठेगाना**
**नाम : सुधिर बस्नेत**
बाबु : सुसिल बस्नेत
बाजे: : गेहेन्द्र बहादुर बस्नेत
ठेगाना : काठमाण्डौ जिल्ला काठमाण्डौ म.न.पा. वडा नं.१०
ना.प्र.नं. : ८०४७
जारी स्थान : काठमाण्डौ



**माथि उल्लेखित कर्जाहरुमा धितो राखिएको सम्पतिको विवरण**

**१. ओरियण्टल विल्डर्स एण्ड डेभ्लपर्स प्रा.लि.को नाममा दर्ता कायम रहेको का.जि. का.म.न.पा वडा नं ४ मा अवस्थित कि.नं. २१९, ७६, ३७३, ४८० को जम्मा क्षेक्रफल क्रमश ०-८-१-०, ०-४-२-०, ०-९-३-३, ०-६-३-१ जग्गामा बनेको निम्न फ्ल्याटहरु:**

| क्र.सं | तल्ला | फ्ल्याट नं | क्षेत्रफल (वर्ग फीट) | क्र.सं | तल्ला | फ्ल्याट नं | क्षेत्रफल (वर्ग फीट) |
|---|---|---|---|---|---|---|---|
| १. | पहिलो तल्ला | १ | ४४९ | १९. | पाँचौ तल्ला | १ | ४२२ |
| २. | पहिलो तल्ला | २ | ६८२ | २०. | पाँचौ तल्ला | २ | ६८२ |
| ३. | पहिलो तल्ला | ३ | ७०९ | २१. | पाँचौ तल्ला | ३ | ७०९ |
| ४. | पहिलो तल्ला | ४ | १०४५ | २२. | पाँचौ तल्ला | ४ | ६०० |
| ५. | पहिलो तल्ला | ५ | ९५९ | २३. | पाँचौ तल्ला | ५ | ४४९ |
| ६. | पहिलो तल्ला | ६. | ७५१ | २४. | पाँचौ तल्ला | ६ | ९५९ |
| ७. | दोस्रो तल्ला | १ | ४४९ | २५. | पाँचौ तल्ला | ७ | ७५१ |
| ८. | दोस्रो तल्ला | २ | ६८२ | २६. | छैठौं तल्ला | १ | १२०४ |
| ९. | दोस्रो तल्ला | ३ | ७०९ | २७. | छैठौं तल्ला | २ | ७११ |
| १०. | दोस्रो तल्ला | ४ | १०६३ | २८. | छैठौं तल्ला | ४ | ११८५ |
| ११. | दोस्रो तल्ला | ५ | ९५९ | २९. | छैठौं तल्ला | ५ | ९८९ |
| १२. | दोस्रो तल्ला | ६ | ७५१ | ३०. | सातौ तल्ला | १ | ४८९ |
| १३. | तेस्रो तल्ला | २ | १२२२ | ३१. | सातौ तल्ला | २ | ७११ |
| १४. | तेस्रो तल्ला | ३ | १२६३ | ३२. | सातौ तल्ला | ३ | ७३२ |
| १५. | तेस्रो तल्ला | ४ | ९५३ | ३३. | सातौ तल्ला | ४ | ११६२ |
| १६. | चौथो तल्ला | १ | १२३६ | ३४. | सातौ तल्ला | ५ | ९९५ |
| १७. | चौथो तल्ला | २ | १२४० | ३५. | सातौ तल्ला | ६ | ७७४ |
| १८. | चौथो तल्ला | ४ | ९५३ | ३६. | आठौ तल्ला | १ | १३१७ |

**२. ओरियण्टल विल्डर्स एण्ड डेभ्लपर्स प्रा.लि.को नाममा दर्ता कायम रहेको का.जि. का.म.न.पा वडा नं ४ मा अवस्थित कि.नं. ३४ को ब्लक नं एफ (F) मा बनेको निम्न अपार्टमेन्टहरु :**

| क्र.सं | तल्ला | अपार्टमेन्ट नं | प्लट नं. | क्षेत्रफल (वर्ग फीट) |
|---|---|---|---|---|
| १ | भुँई तल्ला | २ | ३४ | ९१८ |
| २ | पहिलो तल्ला | २ | ३४ | ६८६ |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

**लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :**

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै डूाफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटीपथ, दरवारमार्गमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

**लिलाम खोलिने मिति :- २०७६/११/२९ गते**
**समय :- दिउँसो ४:०० बजे**
**स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको प्रधान कार्यालय, नारायणहिटीपथ, दरवारमार्ग, काठमाण्डौ ।**

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS

**मुख्य कार्यालय:**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४४२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४४२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA


## यूएईमा रोजगार | कम्पनी: ARD AL HIKMA CLEANING SERVICES
शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७६/११/१३ चलानी नं.: ६०१५२३७२ LT. No.: 233979

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Supervisor | 1 | 0 | सम्बन्धित कामका दक्ष | 1500 | ४६,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Cleaner | 2 | 0 | | 1000 | ३१,२८० | | | | | | | |
| 3. | Cleaner | 3 | 20 | | 1000 | ३१,२८० | | | | | | | |
| 4. | Hotel Cleaner | 0 | 5 | | 1000 | ३१,२८० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा फागुन २१ गते (4 March 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. कामका विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझनुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

TAMIMI RECRUITMENT PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: 4484042
E-mail: tamimi1474@gmail.com, Web.: tamimirecruitments.com


## चिशंखुगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सेर्ना, ओखलढुंगा
१ नं. प्रदेश, नेपाल

visit nepal 2020

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०७६/११/१४

यस चिशंखुगढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले मिति २०७६/१०/०७ गते नयाँपत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना तथा www.bolpatragov.np/egp को E-Procurement portal मा समेत प्रकाशित ३० (तीस) दिने सूचना अनुसार दर्ता हुन आएका वोलपत्रहरु मध्ये न्यूनतम रुपमा मूल्यांङ्कित सारभूत रुपमा प्रभावग्राही वोलपत्र मूल्यांकन समितिबाट छनौट गरी स्वीकृतीका लागि सिफारिस भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सम्पूर्ण सरोकारवालाहरुमा जानकारीको लागि अनुरोध छ ।

तपशिल

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | छनौट भएका वोलपत्रदाताको नाम र ठेगाना | कवोल रकम भ्याट वाहेक विमा सहित | कै. |
|---|---|---|---|---|---|
| १. | CRM/NCB/Work/01/2076/077 | Construction of Serna Diyale-Aapswara-Bhadaure Road, | Shuva and Dhurba Construction, Diktel-8, Khotang | रु. ५३,५२,१०३।०१ (अक्षरुपी त्रिपन्न लाख वाउन्न हजार एक सय तीन रुपैया पैसा एक मात्र ।) | |
| २. | CRM/NCB/Work/02/2076/077 | Upgrading/Construction of ThotneKhola -Mamkha -Kharte khola-Ratmate-Serna Road | Seasonal-Solupk Construction J.V.Ktm | रु. ८२,३३,५६५।४१ (अक्षरुपी वयासी लाख तेत्तीस हजार पाँचसय पैसठ्ठी रुपैया पैसा एकचालिस मात्र ।) | |

**ओम वहादुर दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**


### बीमालेख हराएको सूचना

**नेपाल लाइफ इन्स्योरेन्स क.लि.** ले जारी गरेको श्री मञ्जु बुढाथोकी बीमालेख नं. १०११२२१५४ को बीमालेख मिति २०७६/०७/२८ गते बालकुमारीबाट बनेश्वरसम्म जादा हराएको हुँदा फेलापार्नु हुने महानुभावले नजिकको शाखा कार्यालय, प्रहरी चौकी वा तलको ठेगानामा उपलब्ध गराईदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

नेपाल लाइफ इन्स्योरेन्स कं. लि.
शाखा कार्यालय, काठमाडौ
फोन: ४१६९१२९, ४१६९१३०, पो.ब.नं. ११०३०



### QATAR ID हरायो

मिति २०७६/०८/०५ गते त्रिपुरेश्वरदेखि कालीमाटीसम्म जादाँ मेरो निम्न व्यहोरा भएको QATAR ID हराएकोले पाउनुहुने महानुभावहरुले तलको ठेगानामा वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछु ।

Name : IRSAD MIYA
ठेगाना: भोकाहा-२, सुनसरी
QATAR ID No.: 29552406020
Nep:PP: No.: 07121461 (पुरानो)
Nep:PP: No.: 11858320 (नयाँ)
Contact : 9823135338

# 'सुरुङमार्गको विस्तारमा बागमती प्रदेश केन्द्रित'



**हेटौंडा/मस–** बागमती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रामेश्वर फुयाँलले प्रदेश सरकारको ध्यान सुरुङमार्गको विकास एवं विस्तारमा केन्द्रित भएको बताएका छन् । कागेश्वरी मनोहरा नगरपालिका-२ आलापोटमा रहेको बाल विकास माध्यमिक विद्यालयको ६४ औं वार्षिकोत्सव एवं अभिभावक दिवस कार्यक्रममा मंगलबार उनले केन्द्रीय राजधानी काठमाडौंबाट प्रदेश राजधानी हेटौंडा जोड्ने सुरुङमार्गलाई प्रदेश गौरवको आयोजनाका रुपमा अघि बढाउन लागिएको बताए ।

'मदन भण्डारी मार्गलाई सहज बनाउन पोष्टबहादुर सुरुङमार्ग बनाइँदै छ, प्रदेशका अन्य स्थानमा पनि सुरुङमार्गको सम्भाव्यता अध्ययन भइरहेको छ, सहुलियत दरमा सहज यात्रा एवं छिटो गन्तव्यमा पुग्ने नागरिकको चाहना पूरा गर्न सुरुङ मार्गको विकास एवं विस्तारमा प्रदेश सरकार लागि परेको छ,' मन्त्री फुयाँलले भने ।

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३०,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २१ गते (4 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईआने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमूखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**ईमास्को नेपाल प्रा. लि.**
श्रम ईजाजत नं. ११३/०५४/०५५
गोंगबुं, सामाखुसी, काठमाडौं, नेपाल
फोन: ४३६२७०८, ९८०६६५४५७१, फ्याक्स नं.: ४३५७७०८
Mob.: 9851193584 (Puran Sir), 9841155779 (Ganu Miss), 9861096760 (Anil Sir)

# अन्तर्राष्ट्रिय प्रतियोगितामा विजेतालाई मासिक भत्ता

**मध्यान्ह संवाददाता**
पोखरा, १३ फागुन

सरकारका युवा तथा खेलकूदमन्त्री जगतबहादुर विश्वकर्माले अन्तर्राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक विजेता खेलाडीलाई सरकारले मासिक भत्ताको प्रबन्ध गरेको बताएका छन् । कास्कीको पोखरा महानगरपालिका-१७ दोविल्लामा सहारा क्लब पोखराले सञ्चालन गरेको सहारा एकेडेमीको मंगलबार अवलोकन गर्दै उनले अन्तर्राष्ट्रिय प्रतियोगितामा स्वर्ण पदक विजेता खेलाडीलाई जीवनभर मासिक पाँच हजार तथा ओलम्पिकमा सहभागिलाई मासिक चार हजारका दरले भत्ता प्रदान गर्ने नीति सरकारले बनाएको बताए ।



सरकारले खेल क्षेत्रलाई प्राथमिकतामा राखेर अगाडि बढेको बताउँदै उनले १३ औँ दक्षिण एशियाली खेलकूद (साग) का विजेता खेलाडीलाई दिइने पुरस्कारबापतको रकम मन्त्रिपरिषद्बाट स्वीकृत भइसकेकाले खेलाडीले खेल कौशल प्रदर्शन गरेर नै जीवन निर्वाह गर्ने अवस्था आएको जिकिर गरे । उनले भने, 'खेलाडीलाई मासिक भत्ता दिने कार्य एउटा शुरुआत हो । उहाँहरुलाई हौसला प्रदान गर्नका लागि बढीभन्दा बढी सुविधा र सम्मानको योजना सरकार बनाएको छ । खेलाडीले खेलेरनै जीवन सुनिश्चित हुने अवस्था निर्माण हुँदैछ ।'

सहाराले आफ्नो मेहनत र लगानी तथा देश विदेशबाट सहयोग जुटाएर फुटबल खेल विकास तथा सामाजिक क्षेत्रमा गरेको योगदानबाट गौरवको अनुभूति हुने उल्लेख गर्दै मन्त्री विश्वकर्माले एकेडेमी भवन तथा खेल मैदानका लागि सरकारले आवश्यक बजेट उपलब्ध गराउने विश्वास दिलाए । एकेडेमीमा अहिले देशका विभिन्न १४ जिल्लाका २४ बालकले आवासीयरुपमा निःशुल्क स्वास्थ्य, शिक्षा तथा फुटबल प्रशिक्षण गर्दै आएका छन् ।

मन्त्री विश्वकर्माले पोखरा रङ्गशालाभित्र निर्माणाधीन अन्तरर्ाष्ट्रिय मापदण्डको फुटबल रङ्गशालाको निरीक्षण गर्दै हालसम्मको कार्यप्रगतिका बारेमा जानकारी पनि लिएका छन् । उनले आगामी नवौँ राष्ट्रिय खेलकूदका लागि आवश्यक पूर्वाधारका बारेमा समेत उनले जानकारी लिए । पोखरा फुटबल रङ्गशालामा हालसम्म ८५ प्रतिशत कार्य सम्पन्न भएको छ ।

## क्रिकेटर खड्का टेलिकमको ब्राण्ड एम्बेसडर



**काठमाडौं, मस–** नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्व कप्तान पारस खड्का नेपाल टेलिकमको ब्राण्ड एम्बेसडर भएका छन् । टेलिकम र खड्काबीच मंगलबार सम्झौता भएको हो ।

सम्झौता पत्रमा नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारी र क्रिकेट खेलाडी खड्काले नेपाल टेलिकमको केन्द्रीय कार्यालयमा आयोजित एक कार्यक्रममा हस्ताक्षर गरेका छन् । हस्ताक्षर कार्यक्रममा कम्पनीका प्रबन्ध निर्देशक अधिकारीले द्रुत गतिमा मुलुकभर दूरसञ्चार सेवा विस्तार गरिरहेको नेपाल टेलिकम र पूर्व कप्तान पारस खड्काबीचको सहकार्य फलदायी र प्रभावकारी हुने अपेक्षा व्यक्त गरे । सो अवसरमा नेपाल प्रहरीको फुटबल टिमलाई पनि प्रायोजन गरेको स्मरण गर्दै खेल क्षेत्रलाई कम्पनीले विशेष प्राथमिकतामा राखी सहयोग गरिरहेको जानकारी दिए ।

समारोहमा कम्पनीका नव नियुक्त ब्रान्ड एम्बेसडर खड्काले मुलुकको सबैभन्दा ठूलो दूरसञ्चार सेवा प्रदायक कम्पनी नेपाल टेलिकमसँग आबद्ध हुन पाएकोमा गौरव महशुस गरेको बताए । उनले यो सहकार्यले क्रिकेट खेलका साथै नेपाल टेलिकमद्वारा प्रदत्त सेवाहरु र नेपाल टेलिकमको ब्रान्डको प्रभावकारी प्रवर्द्धन हुने विश्वास व्यक्त गरेका छन् । हाल एक वर्षको लागि गरिएको सम्झौता अन्तर्गत रहेर क्रिकेट खेलाडी खड्का सम्झौता अवधिभर नेपाल टेलिकमका सेवा सुविधाहरु तथा कम्पनीको ब्रान्ड प्रवर्द्धनका विविध क्रियाकलापहरुमा सहभागी हुने टेलिकमले प्रकाशित गरेको विज्ञप्तिमा जनाइएको छ ।

## सुदूरपश्चिम ११ सेमिफाइनलमा

**धनगढी, मस–** घरेलु टोली सुदूरपश्चिम ११ क्लब धनगढीमा जारी चौथो नेपाल आईस सुदूरपश्चिम अन्तराष्ट्रिय आमन्त्रण खप्तड गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ । मंगलबार धनगढी रंगशालामा भएको प्रतियोगिताको पहिलो क्वाटरफाइनलमा सुदूरपश्चिम ११ ले कंचनजंघा एफसीको चुनौती ४-२ गोल अन्तरले समाप्त पार्दै सेमिफाइनलमा स्थान पक्का गरेको हो ।

खेलको १० औं मिनेटमा घरेलु टोलीलाई विक्रम सिंह ठकुरीले गोल गर्दै अग्रता दिलाएका थिए । विक्रमले उद्ब खत्रीको पासलाई जाली चुमाएका थिए । १९ औं मिनेटमा सुदूरपश्चिम ११ ले अग्रता दोब्बर बनाएको थियो । कञ्चनजंघाका गोलकिपर निगम सिंहको गल्तीको फाइदा उठाउदै फिलिप तामाङले सुदूरपश्चिम ११ को अग्रता दोब्बर पारेका थिए । कंचनजंघा २३ औं मिनेटमा ३–० ले पछि पर्‍यो । विक्रमले कञ्चनजंघाका रक्षकको तालमेल अभावको फाइदा उठाउदै बललाई पोस्टको दिशा दिएका थिए ।

तर खेलको सुरुआतमै तालमेल अभावमा पछि परेको कञ्चनजंघाले त्यसपछि लगातार २ गोल फर्काउदै खेलमा फर्कने संकेत गरेको थियो । ३० औं मिनेटमा पेनाल्टीमा अभिषेक दोर्जीले गोल गरेका थिए भने त्यसको ९ मिनेटपछि वैकल्पिक खेलाडी छिरिङ तामाङले गोल गरेका थिए । सुदूरपश्चिम ११ का रक्षक धन बहादुर थापाले अमिर लामालाई लडाउदा कञ्चनजंघाले पेनाल्टीको अवसर पाएको थियो । दोस्रो गोल भने कञ्चनजंघाले सुदूरपश्चिम ११का रक्षकहरुको तालमेल अभावको फाइदा उठाउदै गरेको थियो । पहिलो हाफमा २ गोल फर्काएपनि दोस्रो हाफको सुरुमै गोल खान पुग्यो । सोही नतिजा अन्तिमसम्म कायम राख्दै सुदूरपश्चिम ११ सेमिफाइनलमा पुग्न सफल भयो ।

## लोयल्टी र टाइमलाइन सेमिफाइनलमा

**काठमाडौं, मस–** आयोजक लोयल्टी 'बी' र टाइमलाइन दसौं लोयल्टी कप अन्तरविद्यालय जुनियर छात्र फुटबल प्रतियोगितामा मंगलबार सेमिफाइनलमा प्रवेश गरेका छन् । लोयल्टी 'बी' ले हिमालयबाट वाकओभर पायो । टाइमलाइनले शिशु मिलनलाई १६-० को विशाल गोलअन्तरले पराजित गर्‍यो । टाइमलाइनका स्ट्रेनजर तामाङले ६, निशान तामाङले ५, निश्चल थापाले ४ र नामुकजंग बस्नेतले १ गोल गरे । शिशु मिलनका अनुभव श्रेष्ठ 'म्यान अफ द म्याच' घोषित भए ।

बाँकी दुई सेमिफाइनल पुग्ने टोलीको टुंगो बुधबार लाग्ने छ । त्यस दिन काष्ठमण्डप र डिफेन्डिङ च्याम्पियन लिटिल एन्जल्स (एलए) तथा सिद्धार्थ बनस्थली र टीआईएबीच क्वाटरफाइनल हुने छ ।


वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: piml@wlink.com.np
piml@pasainternational.com.np
श्रम इजाजत पत्र नं.



### मलेशियामा रोजगारको अवसर
कम्पनी: ISHARK FORCE SDN.BHD
शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मिति: २०७६/११/१३ चलानी नं.: ६०१५२४०० LT. No.: 234013

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1200 | ३२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता Hotel Centar Point Birtamoad, Jhapa मा फागुन २१ गते (4 Mar. 2020) मा Hotel Gongatri, Naranaghat Chitwan मा फागुन २२ गते (5 Mar. 2020) मा Hotel Shikar ,butwal Rupendhai मा फागुन २३ गते (6 Mar. 2020) मा Jana Priya Thakali Bhansaa Ghar Pokhara Kaski मा फागुन २४ गते (7 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. उमेर २५ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

पुकार इन्टरनेशनल ओभरसिज प्रा. लि.
टोखा न.पा.-१५, महादेवटार, सामाखुसी, काठमाडौं, फ्याक्स: ४३८८७७८
फोन: ४३८८७५४, ४३८८७५५, मो. : ९८४१५८३९४४, ९८५१००४७२१
chitwan : 056-522876, 9855060686, Pokhara : 061-551158, 9846031923
Butwal : 071-541534, 9857077872, jhapa : 023-544105, 9842625402
E-mail : pukarint_2008@yahoo.com info@pukaroverseas.com, www.pukaroverseas.com



### जापानमा वैदेशिक रोजगारको अवसर
१. कम्पनी : MEDICAL CARE NETWORK COOPERATIVE शहर : TOKYO
पूर्व स्वीकृत मिति: २०७६/११/१३ चलानी नं.: ६०१५२४०९ LT. No.: 233918

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machine Maintenance | 10 | 0 | स. काममा दक्ष | 161500 | १,६६,६७० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

२. कम्पनी : MEDICAL CARE NETWORK COOPERATIVE शहर : TOKYO
पूर्व स्वीकृत मिति: २०७६/११/१३ चलानी नं.: ६०१५२४०८ LT. No.: 233916

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machine Maintenance | 10 | 0 | स. काममा दक्ष | 161500 | १,६६,६७० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा फागुन २१ गते (4 March 2020) मा हुनेछ ।

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १९ वर्ष पुरा भई २८ वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्बन्धि कामको निमित्त सम्बन्धित उद्योग, उद्यम वा सम्बन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, सस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्बन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत सस्था वा निकाय समक्ष गरेको प्रतिबद्धता सम्बन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सुचना प्रकाशित भएको मितिले ८ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : जम्मा रु १०,०००/- मात्र

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा बिमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिबिना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । वैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नुहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा बुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् । ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् । **नोट: जापानिज भाषा स्पष्टसँग बोल्न, पढ्न र लेख्न सक्ने हुनुपर्नेछ ।**

अरोरा ह्युमेन रिसोर्स प्रा. लि.
श्रम इजाजत नं. ७३६/०६४/०६५
कुपण्डोल-१०, ललितपुर, फोन: ०१-५२६१०६३, ५२६०८१०, फ्याक्स: ०१-५१६१०५९
E-mail: aurorashrpl@gmail.com, Web.: www.auroranepal.com



जस्तो सीप उस्तै रोजगार

अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np



### QATAR मा रोजगारको अवसर
कम्पनी : ALWARAQ PRINTING PRESS
शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७६/११/१३ चलानी नं.: ६०१५२३७१ LT. No.: 233132

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २१ गते (4 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

VMS वास्तु म्यानेजमेन्ट सर्भिसेज प्रा. लि.
श्रम इजाजत नं. ५२५/०६७/०६८
Sinamangal-9, Kathmandu, Nepal, Tel. : 01-4461217, 4461317, Mob.: 9841851577
E-mail : info@vmsnepal.com, Website : www.vmsnepal.com



### मलेसियामा रोजगार
कम्पनी : TAN SIN LIAN INDUSTRIES SDN. BHD.
शहर : JOHOR
पूर्व स्वीकृत मिति: २०७६/११/०७ चलानी नं.: ६०१५२०५० LT. No.: 233304

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 80 | 0 | स. काममा दक्ष | 1200 | ३२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ३० र चैत १, २ गते (13 & 14, 15 Mar. 2020) मा हुनेछ ।

२. कम्पनी : JOREX SDN.BHD. शहर : JALAN
पूर्व स्वीकृत मिति: २०७६/१०/२९ चलानी नं.: ६०१५१६२७ LT. No.: 232575 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 25 | 0 | स. काममा दक्ष | 1200 | ३२,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २१ गते (4 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

पाल्ही ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ५९४/०६२/०६३
जि.पि.ओ. बक्स: ९७८०, लोसाल अन्नपूर्णमार्ग,चप्पलकारखाना, काठमाडौं, फोन: ०१-४०१५७९२, ४०१५६५५
E-mail: info@palhioverseas.com | Website: www.palhioverseas.com



### बहराइनमा रोजगार
कम्पनी: CAPITAL SECURITY SERVICES S.P.C.
शहर : BAHRAIN
पूर्व स्वीकृत मिति: २०७६/११/१३ चलानी नं.: ६०१५२३४२ LT. No.: 233470

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 20 | 0 | स. काममा दक्ष | 120 | ३६,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २१ गते (4 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Radium International Employment Services Pvt. Ltd.
New Baneshwor, Kathmandu, Tel.: 4104110, 4104124, Fax.: 4104124
Email: info@radiumemployment.com, Web.: www.radiumemployment.com



### कतारमा रोजगारको अवसर
कम्पनी: DAYANA BEAUTY CENTER
शहर : QATAR
पूर्व स्वीकृत मिति: २०७६/११/१३ चलानी नं.: ६०१५२३८८ L.T. No.: 233684

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 0 | 2 | सम्बन्धित काममा दक्ष | 900 | २८,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hair Beautican | 0 | 1 | | 1700 | ५३,६३५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन २१ गते (4 Mar. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Rightway Enterprises Pvt. Ltd.
Govt.Lic.No.: 517/061/062
Subidhanagar, Tinkune Kathmandu, Nepal
Tel : 5199413
Email: Cv2hrdepart@gmail.com
Mob.: 9851190570, 9823859301, 9808079942, 9851190570, 9801046467



### कुवेतमा रोजगार
कम्पनी: K FIVE FOR GENERAL CONTRACTING OF BUILDING COMPANY W.L.L.
शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०७६/११/१३ चलानी नं.: ६०१५२४१२ LT. No.: 233755

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 9 | 0 | स. काममा दक्ष | 75 | २८,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन २१ गते (4 Mar. 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

SWIFT H.R. SOLUTION PVT.LTD
samakhushi-26- Kathmandu. Tel.: 01-4352852, 9851154618, 9860067074, 9801052384
9841533107. Email: Swifthr12@gmail.com. Web: www.swifthrsolution.com

# 'हामीबीच एकता रह्यो भने थुप्रै अवसर सिर्जना हुनेछन्'

करिब २० वर्षअघि उच्चशिक्षा आर्जनका लागि राजधानी छिरेका पाँचथर नागीका नरेन्द्रप्रसाद ढकालको सुरूआती रूचि भूगोलमा थियो । भूगोल विषयमा उच्चशिक्षा हासिल गरेका ढकाल कालान्तरमा वैदेशिक रोजगार व्यवसायी बन्न पुगे । भनिन्छ, बगिरहेको खोलाले ठुल्ठूला ढुंगा काट्छ । त्यो उसको शक्तिले होइन, निरन्तरताले हो । यो आहान व्यवसायी ढकालको जीवनमा पनि लागू हुन्छ ।

नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको अध्यक्षमा आफ्ना अन्य ४ प्रतिष्पर्धीलाई उछिन्दै निर्वाचित भएर व्यवसायी ढकालले त्यही निरन्तर बगी रहने खोलाको क्षमता आफूमा देखाएका छन् । इमास्को नेपालबाट संस्थागत वैदेशिक रोजगार व्यवसायीमा प्रवेश गरेका ढकाल सुनौलो नेपाल हुँदै हाल नौकरी नेपालका सञ्चालक बनेका छन् ।

एसोसिएसनको अध्यक्षमा निर्वाचित भएपछि सबै क्षेत्रका वैदेशिक रोजगार व्यवसायीहरूलाई एउटै मञ्चमा उभ्याएर यस क्षेत्रमा रहेका समस्या समाधान गर्न वैदेशिक रोजगार व्यवसायीहरूको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई सहयोग गर्ने उनको प्रतिवद्धता छ । ढकाल एसोशिएसनको अध्यक्षमा निर्वाचित भएको दुई गुज्रिसकेको छ । प्रस्तुत छ, एसोएिनका अध्यक्ष ढकालसँग **मध्यान्ह** प्रतिनिधि **रेशमराज पौडेल**ले गरेको कुराकानीको सम्पादित अंश ।



**नरेन्द्रप्रसाद ढकाल, अध्यक्ष**
**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**

**वैदेशिक रोजगार व्यवसायीहरूलाई एउटै मञ्चमा उभ्याएर वैदेशिक रोजगारका क्षेत्रमा रहेका समस्या समाधान गर्न वैदेशिक रोजगार व्यवसायी संघलाई सहयोग गर्ने तपाईंको प्रतिबद्धता थियो । दुई हप्ताको अवधिमा के-के काम भए ?**

म नेपाली काँग्रेसको शुभेच्छुक संस्थाको रूपमा रहेको यस नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको अध्यक्षमा निर्वाचित भएको दुई हप्ता भयो । वैदेशिक रोजगार क्षेत्रका समस्याहरूको समाधानको पहल गर्ने त व्यवसायीहरूको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघले नै हो ।

यो दुई हप्ताको अवधिमा एशोसिएसनले नेपाली काँग्रेसका सभापति तथा प्रतिनिधिसभाका प्रमुख प्रतिपक्षी दलका नेता शेरबहादुर देउवा, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादव, नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल, सहमहामन्त्री डा. प्रकाशशरण महत, नेपाली काँग्रेसका नेता तथा प्रतिनिधिसभामा विपक्षी दलका प्रमुख सचेतक बालकृष्ण खाँड, केन्द्रीय सदस्य शेखर कोइराला केन्द्रीय सदस्य पूर्वमन्त्री गगन थापा, छाया सरकारकी श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री डा. डिला संग्रौला, वैदेशिक रोजगार विभागका महानिर्देशक कुमार दाहाललगायत वैदेशिक रोजगार क्षेत्रमा चासो राख्ने विभिन्न व्यक्तित्वहरूलाई भेट्यो । भेटमा हामीले शुभकाामना मात्र लिएका छैनौं ।

वैदेशिक रोजगारक्षेत्रको मुलुकको अर्थतन्त्रमा रहेको योगदान र यस क्षेत्रमा समाधान हुन नसकिरहेका समस्याहरूको बारेमा उहाँहरूको गम्भीर रूपमा ध्यानकर्षण गराएका छन् । समस्याबारे देशका नेताहरूलाई जानकारी गराउने विषयमा विगत दुई हप्ता महत्वपूर्ण रह्यो ।

**के-के समस्या राख्नु भयो ? तपाईंहरूको भेटघाटले वर्षौंदेखि समाधान हुन नसकिरहेका समस्याले समाधान पाउलान् त ?**

वैदेशिक रोजगारका क्षेत्रमा समस्या रहेका छन् भनेर सबैले स्वीकारेको विषय हो । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सुधारका लागि विभिन्न पहल गरेको बताएको छ । ऐन कानून संशोधनका क्रममा रहेको बताइएको छ । तर सरकारले ती विषयमा हामी व्यवसायी र नेपाल वैदेशिक रोजगार व्यवसायी संघजस्ता सरोकारवाला निकायहरूसँग प्रर्याप्त छलफल गर्न चाहिरहेको छैन । सरोकारवाला निकायहरूसँग छलफल गरी उनीहरूलाई विश्वासमा लिएर काम नगरेसम्म समस्या समाधान हुँदैनन् ।

करोडौं लगानी गरेका हामी व्यवसायी सुधारका हिमायती नै हौं । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले नक्कली मागपत्रका कारण हुने ठगी न्यून गर्ने र वैदेशिक रोजगारीलाई पारदर्शी बनाउने भन्दै वैदेशिक रोजगार मागपत्र प्रमाणीकरण सुरु गरेको हो । तर हाल परिणाम के भइरहेको छ ? सोही निर्देशिका कारण नेपाली कूटनीतिक नियोगमा अनुचित चलखेल देखिएको व्यवसायीहरूको गुनासो छ । सरकारले उक्त निर्देशिका जारी गर्दा कूटनीतिक नियोग र विदेशस्थित रोजगारदाताबीच सम्पर्क सुदृढ हुने बताएको थियो । तर कर्मचारीले थपेका अनावश्यक झन्झटले रोजगारदाता आजित भएका छन् । त्यसैले वैदेशिक रोजगारीमा जाने कामदार र नेपाल आउने रेमिट्यान्सलाई नै असर गरिरहेको छ ।

यस्ता विषयमा मन्त्रालय र राजनीतिक दलहरू पनि गम्भीर हुनु पर्छ भन्ने हाम्रो भनाइ हो । सरोकारवालाहरूलाई पन्छाएर कुनै पनि नयाँ कदम अगाडि बिढाइनु हुँदैन । खाडीका केही कूटनीतिक नियोगहरूले आफूखुसी तलब तोकेका कारण त्यसको कार्यान्वयनमा समस्या छ । तर दोष व्यवसायीहरूलाई मात्र लगाउने गरिएको छ । सरकार र केही गैर सरकारी संस्थाले वैदेशिक रोजगारका विषयमा हामी निजी क्षेत्रका वैदेशिक रोजगार व्यवसायीहरूलाई मात्र दोष देखाउने काम भएको छ । यसलाई परिवर्तन गरी देशमा रोजगारीको अवसर नहुँदासम्म वैदेशिक रोजगारीलाई व्यवस्थित गर्नुपर्छ भन्ने भावनाको विकास गरिएमा समस्याको समाधान सहज हुनेछ ।



> पद एउटै मात्र थियो निर्वाचन भएपछि एउटाले मात्रै जित्ने थियो । अब हामी नेपाली काँग्रेसमा आस्था राख्ने साथीहरू मात्र होइन विगतमा विभिन्न टाउँमा रहेका तर अल्मलिएका व्यवसायीहरूलाई पनि एसोसिएसनको व्यानरभित्र ल्याउन क्रियाशील हुनुपर्छ ।

**तपाईंले त वैदेशिक रोजगारको क्षेत्रमा रहेका राजनीतिकदेखि जातीय, भेगीय सबै संघ-सस्थासँग वार्ता गरेर सबैलाई एकै ठाउँमा ल्याउँछु भन्नु भएको थियो । के पहल भयो ?**

एसोसिएसनको निर्वाचनपछिका दुई हप्तामा भएका कामबारे मैले बताइसकें । मुलुकको वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्याले समाधान नपाउनुमा यहाँभित्र रहेको राजनीतिको पनि भूमिका छ भन्ने मेरो बुझाइ छ । गत हप्ता वैदेशिक रोजगार सामाखुशी एकता समितिका साथीहरूसँग सहकार्यका विषयमा छलफल गरें ।

आगामी हप्तादेखि सत्तारूढ दलनिकटका व्यवसायी तथा अन्य जातीय तथा भेगीय संघ-संगठनका साथीहरूसँग पनि छलफल गर्छु । सत्तारूढ दलनिकट व्यवसायीहरू र प्रतिपक्षी दलनिकटका व्यवसायीहरू समस्या समाधानका लागि एकै ठाउँमा उभिनुपर्छ भन्ने मेरो आग्रह छ ।

**वैदेशिक रोजगारका क्षेत्रमा तत्कालका समस्या के-के देख्नु भएको छ ?**

वैदेशिक रोजगार ऐन र नियमावलीमा रहेको वैदेशिक रोजगार व्यवसायीको इजाजतपत्र नवीकरणका लागि राखिएको वार्षिक एक सय जना कामदार वैदेशिक रोजगारीमा पठाएको हुनुपर्ने भन्ने व्यवस्थाले सिर्जना गरेको अन्योल हट्नु पर्छ भनेर हामीले गत दुई हप्ता भेटघाट गरेका राजनीतिक दलका नेतादेखि श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री र वैदेशिक रोजगार विभागका महानिर्देशकज्यूलाई भनेका छौं ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले प्रतिनिधिसभाको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका सभापति रामनारायण विडारीलाई भेटेर ऐन र नियमावलीको अन्योलता हटाउनुपर्ने माग राखेको छ । कसैलाई पनि अनुचित बन्देज लगाएर पेसा-व्यवसाय गर्ने अधिकारबाट बेदखल गर्नु हुँदैन भन्नेमा एसोसिएशन रहेको छ । यो समस्याले तत्काल समाधान पाउनुपर्छ भन्ने अधिकांश व्यवसायीहरूको भनाइ छ ।

**अनि दीर्घकालीन समस्या ?**

सेवा शुल्कको विषय वैदेशिक रोजगार क्षेत्रको दीर्घकालीन समस्या रूपमा रहेको छ । यो विषय विगत केही वर्षदेखि कायम छ । वैदेशिक रोजगारीमा कामदार पठाउने दक्षिण एसियाको नेपालमात्र होइन, छिमेकी भारत, पाकिस्तान, बंगलादेश, श्रीलंकादेखि फिलिपिन्स र भियतनामबाट एकै ठाउँमा कामदार गएका छन् ।

हामी नेपालमा पनि वैदेशिक रोजगारमा कामदार पठाउने व्यवस्था र व्यवसायीहरूले पाउने सेवा शुल्क ती देशसरह हुनुपर्छ भन्ने पक्षमा छौं । संघको वर्तमान नेतृत्वले यो विषय जोडदार रूपमा उठाएको छ । त्यसअघिको संघको नेतृत्वले पनि यो विषय उठाएको थियो । त्यसमा सरकारले ध्यान दिनु पर्छ भन्ने मेरो मान्यता छ । हामी व्यवसायी राज्यलाई कर तिर्न आतुर रहेका छौं । उचित सेवा शुल्क तोक्ने र व्यवसायीहरूलाई कारोबार सञ्चालनमा भएको नाफा अनुसार राज्यलाई कर तिर्न पाउने व्यवस्था गरियोस् भन्ने हाम्रो माग हो ।

**तपाईंहरू कामदारका समस्याप्रति ध्यान नै दिनुहुन्न भन्ने गुनासो पनि सुनिन्छ । के भन्नुहुन्छ ?**

नेपालबाट वैदेशिक रोजगारीमा जानेमध्ये न्यून कामदारमात्र दक्ष छन् । अरू सबै थ्रीडी भनिने डर्टी, डेन्जरस र डिफिकल्ट काममा जानुपर्ने बाध्यता छ । वैदेशिक रोजगारीमा जाने कामदारहरूलाई दक्ष बनाउन सरकारले सीप सिकाउन जरूरी छ । विदेशमा मान्छेका काम यन्त्रले गर्न थालेका छन् ।

सरकारले ठूला-ठूला तालिमकेन्द्र नखोलेसम्म हामी निजी क्षेत्रले दिने सानो अवधिको अभिमुखीकरणले वैदेशिक रोजगारका क्रममा कामदारले झेल्नुपर्ने समस्या समाधान गर्न सक्दैन । कूटनीतिक नियोगहरूलाई कामदारमैत्री बनाउनु पर्‍यो । देखिएका समस्या समाधान गर्दै आगामी दिनमा कन्स्ट्रक्सन (निर्माण) भन्दा सेवा क्षेत्रमा कामदार पठाउन पहल गर्नुपर्छ भन्ने हाम्रो माग छ ।

**एसोसिएसनको गत निर्वाचनमा प्रतिष्पर्धा गरेका तर पराजित भएका साथीहरूलाई फोरममा जिम्मेवारी दिएर अघि बढाउनुपर्ने बाध्यता छ । यसलाई कसरी लिनुभएको छ ?**

एसोसिएसनको गत निर्वाचनलाई लोकतन्त्रप्रति आस्थावान साथीहरूले प्रतिष्पर्धा भनेर बुझ्नु हुँदैन । हामी सबैले एसोसिएसनलाई प्रभावकारी नेतृत्व दिनसक्छौं भनेर उम्मेदवार भएको हो । फोरममा जित्ने वा हार्ने कोही भन्दा कसैको योगदान कम छैन ।

यो सामान्य प्रतिष्पर्धा हो । पद एउटै मात्र थियो निर्वाचन भएपछि एउटाले मात्रै जित्ने थियो । अब हामी नेपाली काँग्रेसमा आस्था राख्ने साथीहरू मात्र होइन विगतमा विभिन्न टाउँमा रहेका तर अल्मलिएका व्यवसायीहरूलाई पनि एसोसिएसनको व्यानरभित्र ल्याउन क्रियाशील हुनुपर्छ ।

एसोसिएसन वैदेशिक रोजगार क्षेत्रमा धेरै सदस्य रहेको ठूलो संस्था हो । हामीबीच एकता भयो भने क्रियाशील साथीहरूलाई थुप्रै अवसर आउने छन् । अबको डेढ वर्षपछि फेरि संघको निर्वाचन हुन्छ । पार्टीले पनि समन्वय समिति गठन कार्यअघि बढाइरहेको छ । योग्यता भएका र क्रियाशील साथीहरूले ती स्थानमा पनि भूमिका पाउनुहुने छ । त्यसैले एउटा निर्वाचनको परिणामलाई लिएर कसैले पनि मन खुम्च्याउनु पर्ने अवस्था छैन ।

## खानीडाँडा विमानस्थलको परीक्षण उडान सफल

**खोटाङ/रासस-** जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारको सबैभन्दा नजिक पर्ने मनमाया राई खानीडाँडा विमानस्थलमा आज गरिएको परीक्षण उडान सफल भएको छ । विसं २०७५ जेठ १ गते गएको पहिरोले अवरुद्ध खानीडाँडा विमानस्थल पुनःमर्मतपछि नेपाल नागरिक उड्ययन प्राधिकरणले गरेको परीक्षण उडान सफल भएको हो । अवरुद्ध विमानस्थलमा परीक्षण उडान सफल भएसँगै नियमित उडान भर्नका लागि सम्बन्धित निकायमा पहल थालिएको प्रदेशसभा सदस्य रामकुमार राई 'पासाङ'ले बताए ।

खानीडाँडा विमानस्थल सबैको पायक पर्ने ठाउँमा रहेको विमानस्थल हो, उनले भने, विशेष गरी जिल्ला अस्पताल दिक्तेलबाट रिफर गरिएका बिरामीलाई अन्यत्र लैजान प्रयोग गरिने खानीडाँडा विमानस्थलाई नियमित सञ्चालन गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणसँग आग्रह गरिएको छ ।

परीक्षण उडानका क्रममा सोही विमानमा आउनुभएका सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का केन्द्रीय सदस्यसमेत रहेका प्रदेशसभा सदस्य पासाङले कम्तीमा पनि हप्तामा दुई पटक उडान गर्ने वातारण मिलाइने बताए । बिहान करिब १०ः३० बजे खानीडाँडा विमानस्थलमा अवतरण भएको सो विमानमा अर्का प्रदेशसभा सदस्य एवं जग्गादाता उषाकला राई, नेपाल वायु सेवा निगमका अप्रेसन विभाग प्रमुख दिपुराज ज्वारचनलगायतका टोली निरीक्षणमा आएका थिए ।

परीक्षण उडान तथा अनुगमनका क्रममा सहभागी जिल्लावासीले खानीडाँडा-काठमाडौं मात्र नभई खानीडाँडा-विराटनगर पनि नियमित उडान भर्ने व्यवस्था गर्न निगम समक्ष माग गरेका छन् । सो अवसरमा निगमका अप्रेशन विभाग प्रमुख ज्वारचनले पहिलो चरणमा खानीडाँडा-काठमाडौं हप्ताको दुई पटक मङ्गलबार र शनिबार नियमित उडान भरिने बताए ।

पहिरोले अवरुद्ध खानीडाँडा विमानस्थल प्राधिकरणको पाँच करोड ३९ लाख ४३ हजार ३५ रुपैयाँ ८८ पैसा लगानीमा कान्छाराम कन्स्ट्रक्शन प्रालि काठमाडौँले पुनःमर्मतको काम गरेको विमानस्थल निर्माण उपभोक्ता समितिका अध्यक्ष दुर्गाप्रसाद घिमिरेले बताए । "लगातार परेको वर्षात्को पानीले ढल थुनिएपछि धावनमार्गमाथिबाट बगेको भलबाढीले कटान गर्दा पहिरो गएको थियो", उहाँले भन्नुभयो, पहिरो गएपछि अवरुद्ध विमानस्थल पुनः मर्मत गरेर २० महिनापछि सञ्चालनमा ल्याइएको छ ।

विसं २०७५ भदौ १६ गतेबाट काम शुरु गरिएको विमानस्थल पुनःमर्मतको काम गत मङ्सिरमै सम्पन्न गरिएको ठेकेदार कम्पनीका प्रतिनिधि हर्कबहादुर श्रेष्ठले बताए । नागरिक उडड्यन प्राधिकरणसँगको सम्झौताअनुसार समयमै काम सम्पन्न गरिए पनि अन्तिम भुक्तानी भने पाउन बाँकी रहेको श्रेष्ठको भनाइ छ ।

## कृषि विकास बैंकको ब्रान्ड एम्बेस्डरमा जितु




**काठमाडौं/मस-** चर्चित हास्य कलाकार जितु नेपाल कृषि विकास बैंकको ब्रान्ड एम्बेस्डरमा नियुक्त भएका छन् । मंगलबार बैंकले आयोजना गरेको एक कार्यक्रमका बीच कलाकार नेपाललाई ब्रान्ड एम्बेस्डरका रुपमा नियुक्त गरिएको हो ।

ब्रान्ड एम्बेस्डर नियुक्ति पाएसँगै कलाकार नेपालले बैंकले बजार प्रबर्द्धनका लागि काम गर्नेछन् । नेपाल चर्चित हास्य टेलिश्रृंखला जिरे खुर्सानी लगायतका टेलिसिरियल र ठुला पर्दाका चलचित्रबाट उदाएका कलाकार हुन् । उनले अहिले मुद्रेको कमेडी क्लब नामक आफ्नै टेलिभिजन कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

शुद्ध खाद्य पदार्थको प्रयोग गरौं, स्वस्थ जीवन यापन गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग










प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**